# हतुवागढी राजपत्र


हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ७ | सङ्ख्या : १० | मिति : २०८०/०६/०७


## भाग-२

## <u>हतुवागढी गाउँपालिका</u>

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०८०/०६/०७

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७५ (दोस्रो संशोधन) २०८०


हतुवागढी राजपत्र

हतुवागढी राजपत्र

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ रहनेछ ।

(ख) यो कार्यविधि हतुवागढी गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले हतुवागढी गाउँपालिका (गा.पा.) सम्झनुपर्दछ ।

(ख) "कृषि विकास शाखा" भन्नाले हतुवागढी गाउँपालिकाको कृषि विकास शाखा सम्झनुपर्दछ ।

(ग) "सेवा केन्द्र" भन्नाले हतुवागढी गाउँपालिका मातहतको कृषि सेवा केन्द्र सम्झनुपर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले हतुवागढी गाउँपालिकाको कृषि विकास कार्यक्रम सम्झनुपर्दछ ।

(ङ) "सेवा" भन्नाले कृषि विकास सेवा सम्झनुपर्दछ ।

(च) "समुह" भन्नाले हतुवागढी गाउँपालिका भित्रका तथा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सकृय कृषक समूह सम्झनुपर्दछ ।

(छ) "सहकारी" भन्नाले हतुवागढी गाउँपालिका भित्रका तथा साविकमा डिभिजन सहकारी कार्यालयमा हाल हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयमा विधिवत रुपमा दर्ता भएको सकृय कृषि सहकारी सम्झनुपर्दछ ।

(ज) "फर्म" भन्नाले हतुवागढी गाउँपालिका भित्रका तथा एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सकृय कृषि फर्म सम्झनुपर्दछ ।

(झ) "कार्यदल" भन्नाले गाउँपालिकामा गठित कार्यदल सम्झनुपर्दछ ।

(ञ) कार्यालय/गाउँपालिकाको कार्यालय भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ट) अनुगमन तथा मुयांङ्कन समिति (कृषि) भन्नाले हतुवागढी गाउँपालिकाको कृषि विकास कार्यक्रमहरु संचालनको कममा स्थलगत अनुगमन, निरिक्षणका लागि गठित समिति बुझ्नुपर्दछ । सो समिति गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा सम्बन्धित वडाका वडाध्यक्ष, कृषि, पशुपन्छी, प्रशासन/योजना तथा प्राविधिक शाखाको प्रतिनिधित्व गरेर बढीमा ७ सदस्यीय हुनेछ ।

**३. उद्देश्यहरुः**

यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहने छन् ।

३.१ कृषि व्यवसायको उद्यमशिलता प्रवर्द्धन एवं व्यवसायिकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरुप अनुदान तथा टेवा प्रदान गर्ने ।

३.२ कृषि व्यवसाय तथा उद्यम व्यवसायहरुको विकास एवं विस्तार गर्न उपभोक्ताहरुलाई उत्प्रेरित गर्ने ।

३.३ कृषिजन्य बालीहरुको उत्पादन लागत घटाई स्वदेशी उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउने

३.४ कृषि व्यवसायलाई थप रोजगारको अवसर सृजना गरि आयआर्जनमा प्रेरित गर्दै लैजाने।

३.५ प्राङ्गारिक खेतिलाई जोड दिँदै प्राङ्गारिक उत्पादन क्षेत्रको रुपमा विकास गर्दै लैजाने ।

३.६ स्थानिय स्रोत साधनको उपयोगमा जोड, कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन एवं दिगो र वैज्ञानिक उपयोग गरी पर्यावरणिय सन्तुलन कायम गर्न सहयोग पुर्याउने ।

३.७ सरकारी, गैह्र सरकारी तथा निजि संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै श्रोत केन्द्र सुदृढिकरण र दिगो सेवा प्रदान गर्ने ।

३.८ एक वडा एक उत्पादन कार्यक्रम मार्फत प्रत्येक वडालाई बाली विशेष क्षेत्रको रुपमा विकास गर्दै लैजाने ।

३.९ अन्य तोकिए बमोजिम ।

## परिच्छेद २

**४. संस्थागत विकास कार्यक्रम**

मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहानाहरु भएका न्युनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु सामुहिक प्रयत्नद्धारा प्राप्त गर्न बनाइएको संगठनलाई समूह भनिन्छ ।कृषि विकासका कार्यक्रमहरु, सेवा एवं प्रविधि प्रवाहको सहजताका लागि कृषि कार्यमा संलग्न कृषकहरुको सांगठनिक स्वरुपलाई कृषक समुहको रुपमा लिइएको छ ।कृषि विकासका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन कृषक समुह, सहकारी, व्यवसायिक फर्म, व्यवसायिक कृषकमार्फत गरिने छ ।

### ४.१ कृषक समूह गठन/पुनर्गठन कार्यक्रम

यस हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयमा कृषक समुह दर्ता गरिनेछ । दर्ता दस्तुर रु ५०० लाग्नेछ । यसको लागि कृषक समुहले समुह विवरण फाराम सहितको निवेदन फाराम (**समुह विधानको अनुसुचि १**) तथा समुह विधान (**परिशिष्ट १**) सहितको निवेदन पेश गर्नुपर्नेछ । समुह दर्ताको लागि समुहको ठेगाना रहेको गाउँपालिकाको वडा कार्यालयबाट सिफारिस लिनुपर्नेछ ।यसरी दर्ता भएको समुहको अवधि १ वर्ष रहनेछ । यसरी दर्ता भएको समुहको अभिलेख गाउँपालिकामा (**समुह दर्ता फाराम नं. १ बमोजिम**) राखिनेछ ।कृषक समुहले आवश्यकताको आधारमा गठित कृषक समुह पुनर्गठन गर्न सक्नेछ तर सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा ३० दिनभित्रमा गराउनुपर्दछ ।

#### ४.१.१ कृषक समुह नविकरण गर्नेः-

कृषक समुहले आफ्नो कृषक समुह दर्ता प्रमाण-पत्रको नविकरण गर्नुपर्नेछ । यसको लागि कृषक समुहले प्रमाणपत्रको म्याद सकिएको ३५ दिनभित्र निवेदनका साथमा सक्कल प्रमाणपत्र सहित कार्यालयमा पेश गर्नुपर्नेछ र सो को लागि रु. ३०० राजश्व नविकरण शुल्क बापत लाग्नेछ ।म्याद सकिएको ३६ औं दिन देखि एक वर्षसम्म रु. ४०० राजश्व शुल्क लाग्नेछ भने एक वर्षपश्चात प्रत्येक वर्ष रु. १०० का दरले थप राजश्व लाग्नेछ । कृषक समुहको प्रमाण पत्र ३ वर्षसम्म नविकरण नगरेमा पुनः नविकरण गर्न कार्यालय बाध्य हुने छैन। प्रमाण पत्र हराएमा प्रमाण पत्रको प्रतिलिपि लिन पहिलो वर्ष रु. ५०० दस्तुर लाग्नेछ र नलिएको खण्डमा प्रत्येक वर्ष दस्तुर दोब्बर हुँदै जानेछ ।

४.१.२ कृषक समुहको विधानको नमूना देहाय अनुरुप हुनेछ । समूह गठन गरि कार्यसमितिबाट विधान स्विकृत गराइ दर्ताको लागि १ प्रति समावेश गरि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

४.१.३ कृषि विकासका कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गर्नका लागि कृषक समुहको अलावा कृषि सहकारी, व्यवसायिक फर्म, व्यवसायिक कृषक मार्फत पनि गरिने छ । गाउँपालिका भित्रका तथा साविकमा डिभिजन सहकारी कार्यालय र घरेलु कार्यालयमा हाल गाउँपालिका कार्यालयमा दर्ता भएका फर्म तथा सहकारीहरुको अभिलेख गाउँपालिकाको कार्यालयमा राखिनेछ सहकारी तथा फर्म दुवैले स्थायी लेखा नं.(PAN) अनिवार्य रुपमा लिएको हुनु पर्नेछ ।

## ५. तालिम कार्यक्रम

कृषि प्रविधि हस्तान्तरण एवं विस्तार गर्न तालिमलाई प्रभावकारी माध्यमको रुपमा लिइएको छ ।कृषि विकास कार्यक्रममा संलग्न प्राविधिकहरुको कार्य दक्षता वढाउँदै लैजानको साथै कृषकहरुमा अन्तरनिहित ज्ञान सीप अभिवृद्धि गर्नु नै तालिम कार्यक्रमको प्रमुख चुनौती हो । हतुवागढी गाउँपालिकाको कार्यालय मूलतः निम्नानुसार तालिम कार्यक्रमहरुको कार्यान्वयनमा केन्द्रित रहनेछ।

### ५.१. कृषक तालिम

#### ५.१.१. परिचय/पृष्ठभूमिः

कृषक तालिम भन्नाले गाउँपालिकाको कार्यालय वा अन्य ठाउँ जहाँ सञ्चालन गरिने भएता पनि सहभागिको लागि (आफ्नो घर वा साविकको बसोबास वा आफ्नै वडा भन्दा बाहिर)

आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनुपर्दछ । कृषिका विविध विषय विशेष तालिमहरु गाउँपालिका स्तरमा १-३ दिनसम्म सञ्चालन गरिनेछ । यस तालिममा २०-२५ जना कृषक सहभागी हुनेछन् । वडा स्तरिय तालिम कार्यक्रम वडामा संचालन गरिने छ भने घुम्ति स्थलगत तालिम कृषकको खेतबारी, समुदाय, टोलमा संचालन गरिने छ ।

### ५.१.२ कार्यक्रमको उद्देश्यः

कृषकहरुको विषय विशेष ज्ञान सीप अभिवृद्धि गर्नु तालिमको उद्देश्य हुनेछ ।

### ५.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

- तालिममा सहभागी छनौट गर्दा, समूहमा योगदान पुर्याएको, आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही गाउँको कृषि विकासमा केही गर्छु भन्ने भावना भएको कृषक हुनुपर्नेछ ।
- तालिममा महिला कृषकलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ
- तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरु सँग मिली तालिम कार्यक्रम तयार गरी तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ ।
- सहभागी हुने कृषकहरुलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
- शैक्षिक सामाग्रीहरु (श्रव्य दृश्य सामाग्रीहरु) को व्यवस्था मिलाउने ।
- तालिम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरुसँग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।

**५.१.४ गाउँपालिका स्तरीय/वडा स्तरीय/घुम्ति स्थलगत तालिम कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स** देहाय बमोजीम हुनेछ

| क्र.स. | नर्म्सको विवरण | ईकाई | दर |
|---|---|---|---|
| १. | कार्यपत्र तयारी वापत पारिश्रमिक | रु. प्रति कार्यपत्र | ८००/- |
| २. | कार्यपत्र प्रस्तुतिकरण वापत पारिश्रमिक | रु. प्रति कार्यपत्र | ८००/- |
| ३. | सहभागीको खाजा (संयोजक, श्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कर्मचारीलाई समेत (उदघाटन तथा समापन समारोहमा एक-एक पटक खाजा थप गर्न सकिने) (अधिकतम ३५ सेट) | रु./सहभागी/दिन | २००/- |
| ४. | मसलन्द (शैक्षिक सामाग्री) (अधिकतम ३५ सेट) | रु.१००.०० | ३५००/- |
| ५. | तालिम सामाग्री (कच्चा पदार्थ, नमुना, इन्धन, पोकावन्दीका सामान, खरिद गर्नुपर्ने सानातिना औजार, रजिष्टर, मेटा कार्ड मार्कर, टेप, स्केल, फोटोकपी पेपर आदि) | रु. | १००००/- |
| ६. | तालिम सुविधा (तालिम कक्ष तथा भाडामा लिनुपर्ने उपकरणको भाडा) | रु. | प्रचलित बजार दर अनुसार |
| ७. | संयोजक भत्ता (अधिकतम १५ कार्य दिनसम्म प्रतिदिन) | रु. | १०००/- |
| ८. | सहयोगी भत्ता (अधिकतम १५ कार्य दिनसम्म प्रतिदिन | रु. | ५००/- |

| | | | |
|---|---|---|---|
| ९. | वस्तुगत टेवाः झोला, पेनड्राइभ आदि वितरण | रु. | १००००/- |
| १०. | विविध (प्रमाण पत्र, पानी, सरसफाई तुल/ब्यानर ईत्यादिका लागि) | रु. | बढीमा १००००/- |
| ११. | प्रतिवेदकको पारिश्रमिक | रु./कार्यक्रम | १५००/- |
| १२. | सहभागी कृषक दैनिक भ्रमण तथा आवास खर्च | रु./सहभागी /प्रतिदिन | ६००/- |
| १३. | सहभागी कृषक भाडा आतेजाते मात्र | रु./सहभागी | प्रचलित दर अनुरुप |

## ५.१.५ द्रष्टव्यः

- ✓ कृषक तालिमको हकमा गाउँपालिकाबाट स्वीकृत मापदण्डलाई आधार लिई तालिम खर्च गर्नु पर्नेछ ।
- ✓ एउटा कक्षाको अविध कम्तिमा १ घण्टा ३० मिनेट हुनु पर्दछ ।
- ✓ कार्यपत्र तयार पार्दा प्रशिक्षाथीहरुको स्तर सुहाउँदो शब्दावलीहरु तथा भाषा प्रयोग गर्नु पर्दछ ।
- ✓ यसरी तयार पारिएको कार्यपत्रहरु कम्तीमा ७५०-१०० शब्दको प्रबन्ध सम्झनुपर्छ ।
- ✓ पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको प्रयोजनका लागि तयार पारिएको अरु त्यस्तै सामाग्रीको छायाँ प्रति कार्यपत्र हुँदैन् ।
- ✓ एकपटक प्रस्तुत गरेको कार्यपत्र पुनः प्रयोग गर्न परेको खण्डमा उक्त कार्यपत्रमा आधुनिक प्रविधिहरु समेत समावेश गरी परिमार्जन गरेर मात्र प्रयोग गर्नुपर्नेछ ।
- ✓ प्रस्तुत गरिने कार्यपत्रमा प्रशिक्षाथीहरुको स्तर, कर्यपत्रको शीषर्क, प्रस्तुत कर्ताको नाम, पद तथा प्रस्तुत गरेको मिति समेत उल्लेख गर्नु पर्नेछ ।
- ✓ सहभागी कृषक दैनिक भ्रमण तथा आवास खर्च र आतेजाते गा.पा. स्तरिय तालिममा मात्र उपलब्ध गराईने छ ।

# ६. भ्रमण कार्यक्रम

## ६.१ अन्तर गाउँपालिका कृषक भ्रमण कार्यक्रम

## ६.१.१ परिचय/पृष्ठभूमि तथा उदेश्य

कृषकहरुलाई वरपरका गाउँपालिकाका उत्पादन स्थल वा फार्महरुमा भ्रमण गराउँदै त्यहाँका व्यवसायिक बाली उत्पादन कार्यक्रमसँग प्रत्यक्ष अवलोकन गराइ कृषि प्रविधिहरुबारे नविनतम् प्रविधिबाट प्रभावित गराई उक्त प्रविधि अवलम्बन गर्न सघाउ पुर्याउनु यस कार्यक्रमको उदेश्य हुनेछ ।

## ६.१.२ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

- ✓ भ्रमणको लागि केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गरिनेछ ।
- ✓ भ्रमण कार्यक्रम (अवलोकन स्थल, बस्ने स्थान आदि) अग्रिम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरु तय गरी भ्रमण कार्यक्रम आरम्भ गरिनेछ ।

- ✓ भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताउने व्यवस्था मिलाइनेछ ।
- ✓ भ्रमणलाइ लाभप्रद तुल्याइ अन्त्यमा समीक्षा गरिनेछ ।
- ✓ भ्रमण सुरु गर्न तोकिएको स्थानमा भेला हुन र फर्कन बाटोको म्याद बाहेक कृषक भ्रमणको अवधि ३-५ दिनको हुनेछ
- ✓ सहभागी कृषकहरु २५ देखी ३० जना हुनेछन ।

### ६.१.३ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

| क.स. | नर्म्सको विवरण | ईकाई | दर |
|---|---|---|---|
| १ | बस रिजर्भेशन भाडा तथा व्यवस्थापन | | स्वीकृत दर अनुसार |
| २ | स्थलगत अवलोकन वापत प्रस्तुत कर्ताको पारिश्रमिक | रु./अवलोकन स्थल | १०००/- |
| ३ | सहभागीको दैनिक भ्रमण तथा आवास खर्च | रु./सहभागी/प्रतिदिन | १०००/- |
| ४ | मसलन्द (शैक्षिक साममी) | रु./सहभागी | १००/- |
| ५ | प्रतिवेदकको पारिश्रमिक | रु./कार्यक्रम | २०००/- |

## ७. अन्तर समूह कृषक भ्रमण

### ७.१ परिचय/पृष्ठभूमिः

उत्कृष्ट कृषक समूहले गरेको कृषि गतिविधि प्रत्यक्ष रुपमा हेरी अन्य समूहलाई उत्प्रेरित गर्न अन्तर समूह कृषक भ्रमण गरिनेछ ।

### ७.२ कार्यक्रमको उद्देश्यः

- ✓ कृषकहरुलाई गाउँपालिका भित्रै उत्कृष्ट कृषक समूहको उत्पादन स्थल वा फार्महरुमा भ्रमण गराई विविध गतिविधि अवलोकन गर्ने मौका प्रदान गर्नु ।
- ✓ एउटा समूहका सदस्यहरुलाई गाउँपालिका भित्रै अर्को समूहहरुमा भए गरेका गतिविधिहरुको अवलोकन गराई एक आपसमा सिक्ने मौका प्रदान गर्नु ।
- ✓ गाउँपालिकाका विविध समूहहरु बीच आपसी मित्रता अभिवृद्धि गराउनु ।

### ७.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

भ्रमणमा लगिने स्थानका कृषक समूहरुलाई अग्रिम खवर गरी उनीहरुलाई आफूले गरेका कृषिजन्य कृयाकलापहरुको साथै अन्य विकास कार्यबारे वताउन तयारी हुने व्यवस्था मिलाइनेछ । यो कार्यक्रम उल्लेखित अन्तर गाउँपालिका कृषक भ्रमणमा जस्तै कार्यविधि अपनाई छोटो रुपमा गाउँपालिका भित्रै सञ्चालन गरीनेछ ।

### ७.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :

अन्तर गा.पा. कृषक भ्रमणको नर्म्स अनुसार खर्च गरीनेछ ।

## ८. प्रकाशन कार्यक्रम

८.१ कृषि बुलेटिन प्रकाशन

### ८.१.१ परिचय/पृष्ठभूमिः

गाउँपालिका स्तरमा जनचेतना जगाउन, प्रविधि प्रसार गर्न तथा कृषिको व्यावसायिकरण तथा विविधिकरणमा टेवा प्रदान गर्न एवं कृषि सम्बन्धी गतिविधिहरुबारे सरोकारवालाहरुलाई सुसूचित गराउने उद्देश्यले कृषि बुलेटिन प्रकाशन गरिनेछ ।

### ८.१.२ कार्यक्रमको उद्देश्यः

स्थानीय स्तरमा कृषकको आवस्यकता अनुसार प्रविधि प्रसारण गर्न तथा गाउँपालिकाको कृषि गतिविधिहरुबारे सरोकारवालाहरुलाई सुसूचित गराउने ।

### ८.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

बुलेटीनमा गाउँपालिकास्तरमा सम्भाव्य प्रविधिहरुलाई समेटेर जानकारीमुलक प्रविधि, आगामी सिजनमा गरिने प्रमुख कृषि कर्महरु, अनुसन्धानबाट सिफारिस भएका नयां प्रविधि, सफलताको कथा, समस्या समाधानमूलक जानकारी तथा मुख्य-मुख्य कृषि गतिविधि इत्यादि संलग्न गरिनेछ ।बुलेटिन प्रकाशन गर्दा गाउँपालिका स्तरमा सम्पादक मण्डल बनाई यथासम्भव बाली, बागवानी, मत्स्य, बाली संरक्षण, बजार, कृषि प्रसार आदि सबै क्षेत्रका जानकारी समेटिनेछ । प्रकाशनलाई यथासम्भव सहभागितात्मक बनाइनेछ ।बुलेटिन न्यूनतम A4 size paper मा एक पटकमा कम्तिमा १०० प्रति प्रकाशन गरीनेछ । बुलेटिन त्रैमासिक एवं चौमासिक रुपमा प्रकाशन गरीनेछ ।

### ८.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :

- ✓ बुलेटिन ४ पेजको लागि बढीमा रु. ४०००।-
- ✓ वुलेटिन ६ पेजको लागि बढीमा रु. ६०००।-
- ✓ वुलेटिन ८ पेजको लागि बढीमा रु. ८०००।-
- ✓ रङ्गिन फोटो राखेर रङ्गिन छपाई गर्दा बढीमा ५०-१००% रकम थप ।

### ८.२ कार्यक्रम तथा प्रगति पुस्तिका प्रकाशन कार्यक्रमः

### ८.२.१ परिचय/पृष्ठभुमिः

गा.पा.मा सञ्चालित र सम्पादित कार्यक्रमहरु तथा भए गरेका प्रगतिको साथै अन्य विवरणहरु समेत सम्बन्धित सबैलाई जानकारी गराउने उद्देश्यले यस किसिमको प्रकाशन गरिनेछ ।

### ८.२.२ कार्यक्रमको उद्देश्यः

गा.पाको कृषि विकास कार्यक्रम तर्फका सबै एकाईहरु (बाली, बागवानी, योजना, प्रसार आदि) लाई समेटी वार्षिक कार्यक्रम, प्रगित, विशेष कार्यहरु र अन्य वस्तुगत विवरणहरु प्रकाशन गर्नु ।

### ८.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

पुस्तिका प्रत्येक आ.व.को प्रथम चौमासिक भित्रमा निकालीनेछ । कार्यक्रम तथा प्रगित पुस्तिका देहायको निर्दिष्ट ढांचा अनुरुप प्रकाशन गरिनेछ ।

- गा.पा. को नक्सा
- खण्ड १- परिचयात्मक विवरण ।
- खण्ड २- गा.पा.को कृषि विकास कार्यक्रमको उद्देश्यहरु, कार्यनितिहरु तथा कार्यक्रमहरु ।
- खण्ड ३- विभिन्न प्राविधिक शाखाहरुको कार्यक्रम विवरण ।
- खण्ड ४- विभिन्न प्राविधिक शाखाहरुको कार्यक्रम प्रगित लगायत कृषिसँग सम्बन्धित गैर सरकारी संस्था एवं कृषक समूहको विवरण ।
- खण्ड ५- कार्यक्रमसँग सम्बन्धित सम्पुर्ण तथ्याङ्क ।

### ८.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :

वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका एक झलक प्रकाशन गर्दा खर्च स्वीकृत गाउँपालिकाको स्थानीय दर रेट अनुसार गरिनेछ ।

## ९ कृषक समूह/ कृषक सहकारी संस्थाको प्रस्तावना/ मांगमा आधारित कार्यक्रम

### ९.१ परिचय/पृष्ठभूमिः

कृषि क्षेत्रमा लगानी आकर्षण गर्न, विभिन्न साझेदारहरुको शीप, दक्षता तथा अनुभवलाई प्रभावकारी रुपमा परिचालन गर्न साझेदारी प्रणाली मार्फत कृषि प्रसार सेवा एवं उत्पादन कार्यमा प्रभावकारिता ल्याउन महवपुर्ण योगदान पुर्याउने कृषक समूह एवं कृषक सहकारी संस्थाहरुले जम्मा गरेको बचत/हितकोष रकम उल्लेख्य रहेको तर प्रभावकारी परिचालन हुन नसकेको स्थितिमा उक्त रकमलाई कृषि क्षेत्रमा प्रभावकारी रुपमा परिचालन गर्न कृषक समूह, कृषक सहकारी संस्थामार्फत प्रस्तावना तथा मांगमा आधारित कार्यक्रम सञ्चालन गरिने छ ।

### ९.२ कार्यक्रमको उद्देश्यः

- ✓ कृषक समूह एवं कृषक सहकारी संस्थाको हितकोष रकमलाई कृषि क्षेत्रको उत्पादन एवं उपलब्धिमुलक क्षेत्रमा प्रभावकारी परिचालन गर्ने ।
- ✓ समूह/संस्थाको संस्थागत लगनिशलता कार्य दक्षता एवं जिम्मेवारीपनको विकास गर्दै क्षमता वृद्धि गर्ने ।
- ✓ कृषिको व्यवसायीकरणमा टेवा पुर्याउने ।
- ✓ कृषक समूहहलाई सहकारीकरण तर्फ उन्मुख गराउने ।

## ९.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

कृषकहरुलाई समूहमा संगिठत हुन सहयोग पुर्याई उनीहरुको समूहलाई नै कृषि प्रसारको सुनियोजित एवं सशक्त माध्यमको रुपमा उपयोग गर्ने उद्देश्यले गाउँपालिका (भित्रका) मा दर्ता भएका कृषक समूह एवं सहकारी संस्थाहरुको प्रस्तावनाको आधारमा समूह/संस्थालाई उत्पादन साधनको आपुर्ति, उत्पादित वस्तुको खरिद बिक्री, सङ्कलन प्रशोधन, प्रविधि प्रसार तथा समूह/सहकारीमा आधारित खेती विधि सञ्चालन प्रकृयामा सहयोग पुर्यानन गाउँपालिकाबाट सहयोग प्रदान गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ । समूह/सहकारी संस्थाले पेश गरेका प्रस्तावनाहरु मध्ये उपयुक्त प्रस्तावनाको छनौट गरी सो समूह वा संस्थालाई आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

**कार्यक्रम सञ्चालन कार्यविधिः**

- ✓ गाउँपालिकाको कार्यालयले वार्षिक कार्यक्रम बजेट प्रस्ताव गर्नेछ ।
- ✓ कार्यक्रम बजेट प्रस्ताव गर्दा एक वर्षको लागि सञ्चालन गर्न सकिने आयोजनाका लागि बजेट प्रस्ताव गर्न गाउँपालिकाबाट साझेदारीका लागि सार्वजनिक रुपमा सूचना प्रवाह गरीनेछ ।
- ✓ साझेदारी कार्यक्रम प्रस्ताव गर्दा गाउँपालिकाबाट सेवा प्रभावकारितामा वृद्धि गर्ने, आय आर्जन कार्यक्रम, प्रविधि प्रसार कार्यक्रम जस्ता कार्यक्रमका लागि प्राथमिकता दिनुपर्नेछ ।
- ✓ कार्यक्रमका लागि समूह /सहकारी संस्थाबाट तोकिएको ढांचामा निवेदन लिनुपर्नेछ ।
- ✓ कार्यक्रम सञ्चालनका लागि समूह/संस्था छनौट गर्दा महिला, दलित, जनजाती, विपन्न वर्ग एवं पछाडी परेका वर्गलाई प्राथमिकता दिइनेछ ।
- ✓ समूह/संस्थाको प्रस्तावना कार्यान्वयन सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ।
- ✓ आयोजना छनौट र मूल्यांकनका आधार गाउँ कार्यपालिकाले विद्यमान कार्यविधि तथा आर्थिक कार्यविधि नियमावली अनुरुप निर्धारण गरी सोही आधारमा गर्नेछ ।
- ✓ स्वीकृत भएका आयोजनाहरु समूह/संस्था वा उपभोक्ता समिति मार्फत सञ्चालन गरिने छ ।
- ✓ कार्यालयबाट उपलब्ध गराउने रकम समूह/संस्थाको बैंक खाता मार्फत उपलब्ध गराइनेछ ।
- ✓ समूहले आफ्नो रकम जम्मा गरे पछि मात्र कार्यालयबाट रकम उपलब्ध गराइनेछ ।
- ✓ कार्यालयबाट पहिले एक तिहाई मात्र रकम उपलब्ध गराइने छ।
- ✓ कार्यक्रम निर्धारित आ.व. भित्र सम्पन्न गरी सक्नु पर्नेछ ।
- ✓ समूह/संस्थाले कार्यक्रमको public audit गराउनु पर्नेछ ।
- ✓ समूह/संस्थाको रेकर्ड गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

- ✓ गाउँपालिकाबाट उपलब्ध गराइने रकम सम्झौता अनुरुप उपलब्ध हुनेछ । यसका लागि आयोजना स्वीकृत भएपछि कार्यान्वयन गर्नु अघि सम्बन्धित समूह/संस्थासँग कार्यालयले सम्झौता गर्नेछ ।
- ✓ कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि सम्झौता गर्दा उपभोक्ता संस्था र कार्यालयलको तर्फबाट अन्तिम कार्यान्वयन योजना तयार गरी दुवै पक्षको उत्तरदायित्व स्पष्टरुपले तोकीनेछ ।
- ✓ कार्यक्रमको अनुगमन मूल्यांकन संयुक्त रुपमा गरीनेछ ।
- ✓ कार्य सम्पन्न भएपछि समूह/संस्थाले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।
- ✓ सो प्रतिवेदनको आधारमा कार्यालयको तर्फबाट उपलब्ध गराइने रकम पूर्ण रुपमा भुक्तानी गरिनेछ ।

**९.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

- ✓ निवेदक समूह सहकारी संस्थाले कुल कार्यक्रम बजेट आयोजनाको कम्तिमा ५०-१०० प्रतिशत रकम व्यहोर्नु पर्नेछ ।
- ✓ कार्यालयबाट कार्यक्रमको औचित्य अनुरुप बढीमा २५ हजारसम्म सहयोग उपलब्ध गराउन सकिनेछ ।
- ✓ कार्यक्रम कृषक समूह/सहकारी संस्था तथा गाउँपालिकाबाट संयुक्त रुपमा समेत सञ्चालन गरिने छ ।

**आवेदन फाराम**

विषयः प्रस्तावनामा आधारित कार्यक्रम सम्बन्धमा ।

मितिः

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,
हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
घोरेटार, भोजपुर ।
महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट सञ्चालन गरिने प्रस्तावनामा आधारित अनुदान कार्यक्रम प्राप्तिका लागि हाम्रो कृषक समूह/कृषक सहकारी संस्थाको निर्णय प्रतिलिपी र तपिसलको विवरण सहित यो निवेदन पेश गरीएको छ । कार्यालयले तोकेको कार्यविधिहरु अपनाई सोही अनुसार कार्यक्रम सञ्चालन गर्न पुर्ण रुपमा मन्जुर भएको व्यहोरा समेत अनुरोध छ ।

**<u>प्रस्तावना पत्रः</u>**

१. समूहको पृष्ठभूमिः
२. समूह/संस्थाको नामः
३. समूह/संस्था दर्ता मितिः
४. किसिमः दलित( ) जनजाती( ) मिश्रित( ) अन्य( )
५. समूह सदस्य संख्याः
६. समूह बैठक प्रकृयाः
७. हितकोष रकम रु. हितकोष परिचालन प्रकृयाः
८. समूहले गर्न चाहेको कार्यक्रमको नामः
९. कार्यक्रम सञ्चालन स्थलः
१०.कार्यक्रमबाट लाभान्वित हुने परिवार संख्याः
११.कार्यक्रमबाट प्राप्त हुने प्रतिफलः
१२.समूह/संस्थाले गर्न चाहेको कार्यक्रमको संक्षिप्त विवरणः ................ .........................
१३. माग गरेको कार्यक्रमलाई लाग्ने जम्मा बजेट रु. ..............
१४. समूह/संस्थाको आफ्नो कोषबाट व्यहोरिने रकम रु. .................
१५. समूह/संस्थाले मांग गरेको आर्थिक सहयोग रु. ...................

| <u>आवेदकको</u> | <u>समुह/सहकारी बाट सिफारिस गर्नेः</u>- |
|---|---|
| नामः- | नामः |
| ठेगानाः- | पदः |
| सम्पर्क नः | संस्थाको नामः- |
| हस्ताक्षारः- | ठेगानाः |
| | सम्पर्क नः |
| | हस्ताक्षारः- |
| | संस्थाको छापः- |

हतुवागढी राजपत्र

## १०. साना सिँचाइ कार्यक्रम

### १०.१ साना सिँचाइ विशेष कार्यक्रम

### १०.१.१ परिचय/पृष्ठभूमिः

साना सिँचाइ विशेष कार्यक्रमले बढीमा २५ हेक्टर सम्ममा (सिँचाइ नीति) सिँचाइ हुनेगरी स-साना अस्थायी वाँध, पैनी, छेकवार, कुलो सुधार, संरक्षण, ह्युम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ट्याङ्की, इनार, ढिक्कीपम्प, मोनोब्लक पम्पसेट, पवन पम्प, हाइड्रोलिक र्‍याक, साइकल पम्प, पिसर्यन व्हिल, गियर पम्प, थोपा सिँचाइ, स्प्रिङ्कलर सिँचाइ आदिको निर्माण, व्यवस्थापन गर्नमा गाउँपालिकाको तर्फबाट बढीमा रु. १ लाख ५०-१०० हजारसम्मको अनुदान दिने र उपभोक्ताको तर्फबाट कम्तिमा १५ प्रतिशत योगदान प्राप्त गरी सञ्चालन गरिने सिँचाइका स-साना स्किमलाई जनाउँछ । यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहहरुमा केन्द्रित रहेर मात्र कार्यान्वयन गरिनेछ । कृषि विकासको लागि स्थापित कृषक समूहहरु जस्ता उपभोक्ताहरुको सहभागितामा कार्यान्वयन योजना तयार पारी यस कार्यक्रम सम्बन्धी निर्देशिका अनुरुप कार्य सम्पादन गरीनेछ ।

### १०.१.२ कार्यक्रमको उद्देश्यः

सिँचाइका स-साना स्किमहरु बनाएर कृषक सहभागिताको आधारमा गा.पा. भित्रका कृषकहरुलाई उत्पादन वृद्धिको माध्यमबाट आय आर्जनमा टेवा पुर्याउनु नै यसको प्रमुख उद्देश्य हो ।

### १०.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

**सूचना प्रवाह** — गाउँपालिकाले साना सिँचाइ विशेष कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधिबारे गाउँपालिका तथा प्रत्येक वडा कार्यालयहरु मार्फत अधिकतम सूचना प्रवाह गराइनेछ ।

**निवेदन** - उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि सिँचाइ आयोजनाको कार्यान्वयनको लागि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहबाट दर्ताको प्रमाण-पत्र सहित कार्यक्रमको तोकिए बमोजिम निवेदन/मांग फाराम गाउँपालिकामा पेश गर्नु पर्नेछ ।आयोजना (स्कीम) को मोटामोटी लागत र निवेदक संस्था/समूहले व्यहोर्ने प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ ।

**छनौट प्रकृया** —मांग भई आएका निवेदनहरुको प्रारम्भिक छनौट गरी गाउँ कार्यपालिकाको कार्यालयबाट पारित गरीनेछ । यसरी पारित भएका आयोजना (स्कीम) हरुको लागत इस्टिमेट रु.

३०,०००।- भन्दा कम रकमको सामाग्री मात्र उपलव्ध गराउने स्कीमको सम्बन्धमा आयोजनाको लागत तयार गरी गाउँपालिकाको कार्यालयबाट स्वीकृति पश्चात गाउँपालिकाबाट उक्त सामग्रीहरु अनुदान स्वरुप हस्तान्तरण गर्न सक्नेछ । यस्ता सामग्रीहरुमा पाइप, पम्पसेट (स्यालो ट्युववेल प्रयोजन वाहेक), प्लाष्टिक, निर्माण सामाग्री आदि लिन सकिनेछ र रु. १,५०-१००,०००।- सम्म लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा इरिगेशन इन्जिनियरिङ विषयमा तालिम प्राप्त प्राविधिकहरुले स्थलगत सर्वेक्षण गरी लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागि गाउँपालिकामा पेश गर्नु पर्नेछ । यी सबै किसिमका स्किमको लागत इस्टिमेटको स्वीकृति गाउँपालिकाबाट गरिनेछ । लागत इस्टिमेट तयार गर्दा इस्टिमेट अंकको ५ प्रतिशत कन्टिन्जेन्सी वापत हुनेछ जसमध्ये २.५ प्रतिशत सामाग्रीको लागि र बाँकी २.५ प्रतिशत श्रमिक (श्रम) का लागि प्रयोग गर्न सकिने छ । यसरी लागत अनुमान वा खर्चको विवरण अनुसार गाउँपालिकाले सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहसँग खर्च एवं सम्पन्न गर्ने कार्यको बाँडफाँड गरी साना सिँचाइ विशेष कार्यक्रमको तोकीएको ढांचा बमोजिम सम्झौता हुनेछ साथै रकम खर्च गर्दा प्रचलित आर्थिक ऐन नियम अनुसार गर्नु पर्नेछ ।

**संशोधन परिचालन तथा कार्यान्वयन योजना** — गा.पा.ले सहकारी संस्था/उपभोक्ता सिमित वा संस्था/कृषक समूहको सहभागितामा कार्यान्वयन योजना तयार पार्नेछ । आयोजना कार्यान्वयनमा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह र गा.पा.ले आ-आफ्नो उत्तरदायित्व प्रस्ट रुपमा उल्लेख गरीनेछ ।
कार्य सञ्चालन - गा.पा.ले प्रचलित ऐन नियम वमोजिम सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहद्धारा निर्माण कार्य गराउनेछ । निर्माण सम्बन्धी प्रकृयागत एवं व्यवस्थापकीय जिम्मेवारी गा.पा.को रहनेछ ।

**कार्य सम्पन्न प्रतिवेदन** - डिजाइन, इस्टिमेट र सम्झौता अनुसार आयोजना (स्कीम)को कार्य पूर्ण रुपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा कार्य सम्पन्न प्रतिवेदन दिनुपर्नेछ । निमार्ण कार्य सुपरभिजन गर्न वा फाइनल विल तयार गरी भुक्तानीको लागि पेश गर्न वा सुपरभिजन गरी फाइनल विल तयार गर्न प्राविधिकबाट आइटमवाइज कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ। यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदन गा.पा.को कार्यालयमा पेश गर्नुपर्नेछ । वैठकको निर्णय सहित कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि गा.पा.को कार्यालयले भुक्तानी दिने व्यवस्था गर्नेछ । आयोजनाको प्रकृति अनुसार १-३ पटकमा भुक्तानी दिइनेछ । एकैपटक भुक्तानी दिनुपर्ने अवस्थामा कार्य सम्पादन प्रतिवेदन तयार पारी स्कीमको सञ्चालनको अवस्थाबारे संस्था/ समिति/ समूहको बैठकबाट निर्णय गराई संयोजकको सिफारिसमा भुक्तानी दिन सकिनेछ । १ पटक भन्दा बढी किस्तामा रकम भुक्तानी गराउनु पर्ने खण्डमा सम्झौता पत्रमा स्पष्ट खुलाउनु पर्नेछ ।

**ममर्त/सम्भार** - आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपिछ सोको ममर्त/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बिन्धत संस्था/ समिति/ समूहको हुनेछ।

## **१०.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

स–साना अस्थायी वांध, पैनी, छेकवार, कुलो सुधार, संरक्षण, ह्युम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ट्याङ्की, इनार ढिक्की पम्प, मोनोब्लक पम्पसेट, पवन पम्प, हाइसोलिक रयाक, , पर्सियन व्हिल, गियर पम्प, थोपा सिँचाइ, स्प्रिङ्कलर सिँचाइ आदिको निर्माण व्यवस्थापन गर्न बढीमा रु. १५०००-१००,०००।– सम्म खर्च गर्न सकिने छ । जलश्रोत ऐन २०४९ अन्तगर्त मान्यता पुरा हुने गरी स्थापित उपभोक्ता संस्था र गा.पा अन्तर्गत वा अरु कसैबाट कृषि विकासको लागि स्थापित कृषक समूहहरु जस्ता उपभोक्ताहरुको सहभागितामा कार्यान्वयन योजना तयार पारी कार्य सम्पादन गर्नुपर्नेछ ।

**१०.१.५ द्रष्टव्यः** आयोजना छनौट गर्नु अगाडि देहायका आधारहरुलाई ध्यान दिनुपर्नेछ ।

- कृषक समूहको लागि आयोजना छनौट गर्ने सम्बन्धमा गा.पा. अन्तर्गत वा अन्य निकायबाट गठन एवं दर्ता भई कम्तिमा एक वर्षको अवधि पुरा गरेका, नियमित बैठक बस्नुका साथै समूह सञ्चालन पद्धति एवं प्रकृयाहरु अनुसार सञ्चालन भैरहेका र कृषि विकासको लागि सकृय रुपले गा.पा.को सम्पर्कमा रही कृयाशील रहेका कृषक समूहरुको लागि मात्र आयोजना छनौट गरिनेछ ।
- सतह सिँचाइ तथा पोखरी निर्माण गर्ने सन्दर्भमा सामूहिक सिँचाइलाई केन्द्रित गरिनेछ ।
- जनसहभागिताको आधारमा स्थानीय श्रोतको बढी परिचालन गर्न सक्षम उपभोक्ता समिति वा संस्था/कृषक समूहलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्ने उद्देश्य अनुरुप सहभागी संस्थाले कूल लागतको न्यूनतम १५ प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी वा तीनै थरी सहयोगको रुपमा व्यहोर्नु पर्नेछ ।
- सामूहिक सिँचाइका लागि जाली, पम्प आदि व्यवस्था गरी तत्कालिन सिँचाइ व्यवस्था गरिनेछ ।
- दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न वर्गका समूहहरुको हितलाई विशेष रुपले व्यवस्थपन गरिनेछ ।
- महिला कृषक समूहहरुको सहभागिता हुने गरी आयोजना छनौट हुनेछ ।
- आयमूलक कृषि व्यवसायीकरण तर्फ उन्मुख गराउने कार्यक्रम सञ्चालन भएका स्थलहरुमा सिँचाइ सुविधा पुर्याउने दृष्टिकोण राखिनेछ ।
- यथासम्भव निर्धारित पकेटहरुको उत्पादन कार्यक्रममा टेवा पुग्नेगरी आयोजनाको छनौट हुनेछ । बाढी पहिरो आदिले क्षति पुर्याएका चालु सिँचाइ कुलाहरुमा स-साना दुरीमा ह्युम

पाइप र पोलिथिन पाइप व्यवस्था गरी तत्कालिन सिँचाइ समस्या समाधान गर्ने जस्ता सिँचाइ विकासका कार्यहरुलाई सहयोग पुर्याइनेछ ।

- सहकारी संस्था/उपभोक्ता समिति/कृषक समूहहरुबाट कार्यक्रमको लागि जायज मांग आउनुपर्ने र तिनको कार्यान्वयनमा अनिवार्य सहभागिता हुनुपर्नेछ ।
- प्रतिकूल वातावरणीय असर न्यून पार्ने किसिमका आयोजनाहरुलाई प्रोत्साहित गरिनेछ ।
- छनौट भएका आयोजना सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्नेछ ।

## १०.२ प्लाष्टिक पोखरी निर्माण कार्यक्रम

सिंचाईको सुविधा नपुगेको तथा आंशिक सिंचित क्षेत्रहरुमा कम लागतमा वर्षातको पानी, खेर गैरहेको पानी संकलन गरी कृषकहरुलाई सिँचाइ सुविधा उपलव्ध गराउन लाभन्वित वर्गको आर्थिक साझेदारीमा प्लाष्टिक पोखरी निर्माण कार्य गर्न गराउन यो प्लाष्टिक पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिने छ । सिंचित क्षेत्रको विस्तार गर्दै कृषि क्षेत्रको व्यवसायीकरण, विविधिकरण तथा सघनीकरण मार्फत खाद्य सुरक्षा तथा गरिवी निवारणमा टेवा पुर्याउने पृष्ठभूमिमा सञ्चालन गरिने यो कार्यक्रम व्यावसायिक कृषक उद्यमी/ कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्थालाई उपलव्ध गराईने छ ।

### १०.२.१ कार्यक्रमको उद्देश्यः-

सिँचाइको सुविधा नपुगेका तथा आंशिक सिंचित क्षेत्रहरुमा कम लागतमा प्लाष्टिक पोखरी निमार्ण गरी कृषि क्षेत्रहरुको व्यवसायीकरण, विविधकरण तथा सघनीकरण मार्फत खाद्य सुरक्षा तथा गिरवी निवारणमा टेवा पु-याउने कार्यक्रमको उद्देश्य रहेको छ ।

### १०.२.२ कार्यक्रम सञ्चालन प्रकृया

- सूचना प्रवाह- गा.पा.ले प्लाष्टिक पोखरी निर्माण कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधि बारे गा.पा.को सुचना पाटी, स्थानीय संचार माध्यम, कृषि विकास शाखा तथा वडा कार्यालयमार्फत अधिकतम सूचना प्रवाह गराइनेछ ।
- निवेदन सङ्कलन- उपयुर्क्त कार्यक्रम अन्तरगत सञ्चालन हुने कुनै पनि आयोजनाको कार्यान्वयनको लागि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/व्यावसायिक कृषक उद्यमीबाट दर्ताको प्रमाण-पत्र सहित निवेदन मांग फाराम गाउँपालिकामा दर्ता गराउनु पर्नेछ ।मांग पत्र दर्ता गराउँदा कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/उपभोक्ताको तर्फबाट प्रति आयोजना रु. १००।- का दरले राजस्व बुझाई सो भौचर कागजातका साथ पेश गर्नुपर्नेछ ।

### १०.२.३ छनौट तथा कार्यक्रम सम्पन्न प्रकृयाः-

- यो कार्यक्रम व्यावसायिक कृषि उद्यमी/ कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समितिलाई उपलव्ध गराईने छ ।
- गाउँपालिकामा प्लाष्टिक पोखरी निर्माण कार्यक्रमबारे सेवाग्राहिबाट मांग भई आएका निवेदनहको प्रारम्भिक छनौट गरिनेछ । गाउँपालिकामा सिँचाइ सुविधा नपुगेका सुख्खा क्षेत्रलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।
- यसरी छनौट भएका आयोजनाहरुको लागत इस्टिमेट गाउँपालिकाबाट तयार गरि लाभग्राहीसँग सम्झौता गरि पोखरी निर्माण गरिनेछ।
- प्लाष्टिक पोखरी निमार्णका लागि लाभग्राहीले गाउँपालिकाको स्विकृत नमुना डिजाइनको आधारमा स्वीकृत लागत डिजाइन अनुसार निर्माण गर्नु पर्नेछ ।
- प्लास्टीक पोखरी निर्माण गर्दा प्राविधिक ईस्टिमेट बमोजिमको पोखरी खन्ने रकम लाभग्राही आफैले ब्यहोर्नुपर्नेछ । अनुगमन समितिको स्थलगत अनुगमन पश्चात तोकिएको स्पेशिफिकेशन बमोजिमको प्लास्टिक सिट पालिकाले खरीद गरि लाभग्राहीलाई उपलब्ध गराईनेछ।
- प्राविधिकको डिजाईन ईस्टिमेटको आधारमा स्थानीय आवस्यकता र सम्भाव्यता अनुसार सो भन्दा बढी क्षमताको पोखरी निर्माण गर्न पनि सकिनेछ ।
- छनौट भएका आयोजना सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्नेछ ।

### १०.२.४ प्लाष्टिक पोखरी (बर्षातको पानी संकलन प्रयोजन) निर्माणका प्राविधिक पक्षहरुः

**पोखरी निर्माण स्थल छनौट**

प्लाष्टिक पोखरी निर्माण कार्य सो क्षेत्रमा लगाईने बाली र सिँचाइ गरिने क्षेत्रफलमा निर्भर गर्दछ ।त्यसैले प्लाष्टिक पोखरी निर्माण गर्दा दीर्घकालिन सोचाईका साथ निर्माण गरीनेछ। पोखरी निर्माण गर्दा निम्न कुराहरुमा ध्यान पु-याउनु पर्नेछ ।

- पोखरी निर्माण स्थल खेती गरिने जग्गा भन्दा सकभर अग्लो ठाउँमा हुनु पर्दछ तर धेरै भिरालो भने हुनु हुँदैन ।
- पोखरी निर्माण गर्दा छानाको र भलको पानी समेत लैजान मिल्ने गरी छनौट गर्नुपर्छ ।
- रुखको छहारी मुनी पोखरी बनाउनुपर्नेछ जसले पानी उडेर जाने समस्यालाई केही हदसम्म कम गर्न सकिन्छ र प्लाष्टिकको आयु समेत बढ्छ ।
- माटोको किसिम अनुसार प्लाष्टिक पोखरीको आकार निर्धारिण गरिनेछ ।
- पोखरी निर्माणको लागि खाडल खन्दा माटोलाई डिलमा राखी पोखरी बनाउनु पर्नेछ । साथै सुरक्षाको हिसाबले पोखरीलाई स्थानीय सामाग्रीको प्रयोग गरी बारबन्देज गर्नु पर्नेछ ।

- पोखरीको भित्ता ठाडो हुने गरी बनाउनु हुँदैन । पोखरीको माथिल्लो सतहको लम्बाई र चौडाई भन्दा पिंधको लम्बाई र चौडाइ केही कम हुनु पर्नेछ ।
- खाडलमा प्लाष्टिक बिछ्याउनु अघि पोखरीमा भएका ढुङ्गा, माटो, काठ आदि हटाई माटोलाई हिल्याई १५ सेन्टीमीटर जति ढुङ्गा रहित लेसिलो माटोले लेपन गर्नु पर्नेछ ।
- पोखरीमा पानी भरिएपछि व्यवस्थित निकास दिनका लागि डिलको कुनै स्थानमा १५ सेन्टीमीटर गहिरो नाली बनाउनु पर्नेछ।
- पोखरीमा चाहिने प्लाष्टिकको मोटाई २५०-१०० देखि ३०० जी.एस्.एम. (Gram per Square meter) को सिलपोलिन प्लाष्टिक हुनु पर्नेछ ।

हलुवागढी राजपत्र

## प्लाष्टिक पोखरी निर्माण कार्यक्रम मांग पत्र

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
हतुवागढी गाउँ कार्यपालिकाको कायार्लय, घोडेटार, भोजपुर।

विषय : प्लास्टिक पोखरी निर्माण कार्यक्रम माग गरिएको बारे ।

महोदय,

भोजपुर जिल्ला हतुवागढी गा.पा. वाड नं. ....... मा अवस्थित ........................................ .............................. समूह/कृषि सहकारी/फार्म/कृषि उद्यमीले बर्षातको पानी संकलन प्रयोजनको लागि प्लास्टिक पोखरी निर्माण कार्यक्रम माग गरि तपिसल बमोजिमका कागजात संलग्न गर्दै यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

संलग्न कागजातहरुः-

१. संस्था/ समूह/ व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. संस्था/समूहको निर्णयको प्रतिलिपि
३. निवेदक संस्था र गा.पा.ले बेहोर्ने रकमको प्रतिशतः
४. सम्वन्धित वडा कार्यालयको सिफारीस

निवेदक

हतुवागढी राजपत्र

## प्लाष्टिक पोखरी निर्माण कार्यक्रम सम्बन्धी सम्झौता पत्र

१. यो सम्झौता पत्र गाउँपालिका कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र ............................. सहकारी संस्था/कृषक समूह/जल उपभोक्ता संस्था/ व्यावसायिक कृषक उद्यमी (यसपछि दोस्रो पक्ष भनिने) बीच प्लाष्टिक पोखरी निर्माण योजना कार्यान्वयन प्रयोजनको लागि गरिएको छ ।

२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ ।

३. उपभोक्ता समूहहरुले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ ।

४. यस प्लाष्टिक पोखरी निर्माण योजनाको निर्माण कार्य उपभोक्ता समूह आफैंले गर्नुपर्नेछ । आफुले नगरी दोस्रो व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गराउन पाइने छैन ।

५. गाउँपालिकाले उपभोक्ता समूहलाई (इस्टिमेट अनुसारको कार्य सञ्चालन गर्न; कार्यक्रम को प्रकृति अनुसार फरक पर्ने) प्लाष्टिक पोखरीको डिजाईन बमोजिम खाल्डो खन्ने कार्य सम्पन्न भईसकेपिछ प्लाष्टिक सिट, गटर, पाइप, तथा अन्य आवस्यक निमार्ण सामाग्रीहरु अनुदान स्वरुप उपलव्ध गराउनेछ ।

६.उपभोक्ता समूहले यसै योजनाको लागि आफ्नै समूहको श्रोत वाहेक कुनै सरकारी, गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भएमा सो को जानकारी गा.पा.को कायार्लयलाई जानकारी गराउनुपर्नेछ । ७.उपभोक्ता समूहले काम गर्दा गा.पा.को कार्यालयबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नुपर्नेछ ।

८. यस योजनाको निर्माण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।

९. उपभोक्ता समूहको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समूहको हुनेछ ।

१०. यो पोखरी कृषि बालीमा सिँचाई प्रयोजन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।

११. सम्झौता भएको मिति देखि .......... दिन भित्र यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन, इस्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

१२. आयोजना सम्पन्न पश्चात् सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित उपभोक्ता समूहको नै हुनेछ ।

१३. निर्माण कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा गाउँ कार्यपालिकाको निर्णय नै अन्तिम मानिनेछ ।

१४. यो सम्झौतामा उल्लेख भएका कुराहमा यस वमोजिम र अन्य कुराहरुमा प्रचिलत ऐन नियम अनुसार हुनेछ ।

| प्रथम पक्षः | द्धतीय पक्षः |
|---|---|
| कार्यालय प्रमुखको हस्ताक्षार<br>मिति | ........................अध्यक्ष/प्रतिनिधिको नामः<br>हस्ताक्षर<br>सम्पर्क नं.<br>मितिः<br>उपभोक्ता संस्था/ समूह/ सहकारी/ फार्मको नामः<br>संस्थाको छापः<br><br>साक्षिहरुः<br>१.....................   २.......................... |

## १०.३ युवा लक्षित कार्यक्रम

### १०.३.१ पृष्ठभुमि

देशको कुल ग्राहस्थ्य उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुइ तिहाइ भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको स्पष्ट छ। त्यस्तै उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरण वाट आय आर्जन वढाउने उद्धेश्यले युवा लक्षित कृषि व्यवसाय संचालनार्थ प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न "युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि " तयार गरिएको हो। युवा लक्षित कार्यक्रम" भन्नाले यूवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक तरकारी खेती, मौरीपालन र च्याउ खेती/ आदि उत्पादन कार्यक्रम हो ।

यो कार्यक्रम संचालनको लागि १८ देखि ५० बर्ष सम्मका नेपाली नागरिक हुनुपर्नेछ। मौरीपालनमा एक पकेट क्षेत्रमा कम्तीमा २०० मौरी गोला सहितको घार सहितको "क्लष्टर" र च्याउको हकमा एकै पकेट क्षेत्रमा कम्तीमा पनि १४×२२ वर्ग फीटका ४० वटा प्लाष्टिक घर निर्माण गरिएको क्षेत्रमा संचालन गर्न सकिनेछ भने तरकारी खेतिको हकमा कम्तिमा ५ रोपनी क्षेत्रफलमा कम्तिमा १ वटा प्लाष्टिक टनेल निर्माण गरेर संचालन गर्नुपर्दछ ।

### १०.३.२ उद्देश्य

यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छः-

(क) तरकारी, च्याउ र मौरीपालन व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुऱ्याउने ।

(ग) युवाहरुको आय आर्जनमा टेवा पुर्याइ कृषक परिवारको जिवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने

(घ) कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

### १०.३.३ युवा लक्षित कार्यक्रम तथा कार्यक्रम सञ्चालन विधिः

युवा लक्षित कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
क. युवा लक्षित व्यावसायिक तरकारी उत्पादन कार्यक्रम
ख. युवा लक्षित मौरीपालन कार्यक्रम
ग. युवा लक्षित च्याउ उत्पादन कार्यक्रम

### १०.३.४ युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम छनौटका आधारहरु :

लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) तरकारी खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।
ख) तरकारी खेतीको लागी जमीन आफनै वा भाडामा लिएर गर्न सकिने छ । स्कीम संचालन गर्ने यूवा गाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्ने बाध्यकारी नभए पनि सम्बन्धित गाउँपालिका क्षेत्र भित्रै खेतीको लागि प्रस्ताव गरेको हुनुपर्ने छ ।
ग) व्यवसायिक तरकारी खेतीको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको ५०% भार व्यहोर्नु पर्नेछ । उक्त भार रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्ने छ ।
घ) महिला, दलित, सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गको हितलाई विशेष प्राथमिकता दिईने छ ।
ङ) स्कीम छनौट गर्दा गा.पा.को कार्यालयले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रलाई प्राथमिकता दिईने छ ।
च) वातावरणीय अनुकूलका स्कीमहरुलाई प्रोत्साहित गरिने छ ।
छ) अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट तरकारी खेती प्रयोजनका लागि सहयोग नलिएको स्कीम छनौट गरिने छ ।
ज) एक पटक अनुदान पाएका कृषक / सगोलमा रहेका कृषक परिवारलाई पूनः अनुदान दिईने छैन ।
झ) छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।
ञ) यो कार्यक्रम संचालनको लागि १८ देखि ५० बर्ष सम्मका नेपाली नागरिक हुनुपर्नेछ ।
ट) मौरीपालनमा एक पकेट क्षेत्रमा कम्तीमा २०० मौरी गोला सहितको घार सहितको “क्लष्टर” र च्याउको हकमा एकै पकेट क्षेत्रमा कम्तीमा पनि १४×२२ वर्ग फीटका २० वटा प्लाष्टिक घर निर्माण गरिएको क्षेत्रमा संचालन गर्न सकिनेछ भने तरकारी खेतिको हकमा कम्तिमा ५ रोपनी क्षेत्रफलमा कम्तिमा २ वटा प्लाष्टिक टनेल निर्माण गरेर संचालन गर्नुपर्दछ ।

### १०.३.५ युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम संयोजक र निजको दायित्व :

युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम संयोजक (गा.पा.कार्यालयले तोके बमोजिम हुने) र निजको दायित्व देहाय बमोजिम हुनेछ ।

क) संयोजकले गा.पा. मा तरकारी खेतीमा देखिएको समस्या हेरी नियमित निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ ।
ख) प्रत्येक स्कीम सम्वन्धि भए गरेका कार्यहरुको अभिलेख राख्नुपर्नेछ ।

### १०.३.६ युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन प्रकृया:

युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) सूचना प्रवाहः **गा.पा.ले** युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे, **गा.पा.,** स्थानिय पत्र पत्रिका, कृषि सेवा केन्द्र, **वडा कार्यालय** तथा स्थानीय एफ.एम. मार्फत अनुसूचि सूचना प्रवाह गराउनु पर्नेछ ।

ख) आवेदन : उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम कार्यान्वयनको लागि बिदेशबाट फर्केका, बिदेश जान लागेका तथा स्थानिय बेरोजगार यूवाहरुबाट **गा.पाको** कार्यालय वा सम्वन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुपर्नेछ । **वडा कार्यालयमा** पेश हुन आएका स्कीमहरु वडा कार्यालयले गा.पा. मा सिफारिस साथ स्कीम दर्ता गराउनु पर्नेछ ।

ग) स्कीम : आवेदनको साथमा तोकिएको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ ।

- ✓ तरकारी खेतिको हकमा हरेक स्किममा थोपा सिंचाई सहितको २ ओटा प्लाष्टिक घर अनिवार्य समावेश हुनुपर्नेछ ।
- ✓ मौरीपालनको हकमा मौरीपालन गरिने स्थल प्राविधिक, भौगोलिक तथा मौरी चरनको हिसाबले उपयुक्त हुनु पर्ने छ । मौरीचरनको लागि आवश्यक पर्ने फलफूल, जंगली फूल, च्यूरीको बोटहरु भएको दक्षिण मोहडा भएको क्षेत्रमा व्यवसाय सञ्चालन गर्ने क्लष्टरहरुलाई प्रथामिकता दिनु पर्ने छ । व्यावसाय संचालन गर्ने युवा नेपालको नागरिक भई तोकिएको क्षेत्रको स्थायी बासिन्दा नभए पनि एउटै क्लष्टरमा (पकेट क्षेत्र) रही काम गर्न सहमत हुनु पर्ने छ । एक क्लष्टरमा कम्तिमा पनि १० जना युवा सम्मिलित भई एक स्थानमा २०० वटा भन्दा बढि उन्नत मौरी घार राख्ने व्यवस्था गर्नु पर्ने छ । मौरीको घार, गोला उत्पादन, मौरीजन्य सामाग्री उत्पादन, विक्री वितरण र महको प्रशोधन सम्बन्धि कार्य गर्ने गरी प्रस्ताव पेश गर्न सकिने छ । व्यवसायिक मौरीपालनको लागी सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको १०% भार व्यहोर्नु पर्नेछ । उक्त भार नगद/श्रमदान/जिन्सी वा तिनै किसिमको हुन सक्ने छ ।
- ✓ च्याउ खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ । च्याउ खेती व्यावसाय सञ्चालन गर्दा एक पकेट क्षेत्रमा कम्तीमा २० वटा प्लास्टिक घरमा खेती गर्न क्लष्टरको रुपमा सञ्चालन गरिने छ । व्यवसायिक च्याउ उत्पादन कार्यक्रमको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको १०% भार व्यहोर्नु पर्नेछ । उक्त भार नगद/श्रमदान/जिन्सी वा तीन वटै श्रोत गरी हुन सक्ने छ । महिला, दलित, मुक्त कमैया तथा सामाजिक रुपमा पछाडि पारिएका युवाहरुको हितलाई विशेष प्राथमिकता दिईने छ । च्याउ उत्पादनको हकमा ताजा च्याउ उत्पादन, च्याउको विउ उत्पादनमा प्रस्ताव पेश गर्न सकिने छ ।
- ✓ वातावरण अनुकूलका स्कीमहरुलाई प्रोत्साहित गरिने छ ।
- ✓ कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने च्याउको बीउ, प्लाष्टिक, मौरी गोला सहितका घारहरुको आपुर्ति तोकिएका श्रोत केन्द्रहरुबाट हुनेछ ।

## १०.३.७ छनौट प्रक्रियाः

पेश भएका स्कीमहरु मध्ये छनौट समितिबाट सिफारिस भएका स्किमहरुलाई गा.पा. कार्यालयबाट स्वीकृत गरि सम्झौता गराई देहाय अनुसार प्रक्रिया वमोजिम अनुदान रकम प्रवाह गरि कार्यक्रम संचालन गरिनेछ ।

१) **तरकारी खेति तथा च्याउ खेति र मौरी पालनको हकमा** प्रति स्किम बढिमा रु. १००,०००।- सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

२) स्कीम स्वीकृति पश्चात् **गा.पा.ले** उक्त कार्यक्रमको लागि अनुदान रकम बैंक खातामा उपलब्ध गराउने छ । यसरी अनुदान रकम उपलब्ध गराउंदा दुई किस्तामा अनुदान उपलब्ध गराइनेछ । **गा.पा.को छनौट** समितिबाट

कार्यक्रम स्वीकृत भई **गा.पा.** संग सम्झौता भएपछि पहिलो किस्तामा ५०% अनुदान रकम उपलब्ध गराईनेछ । कार्यक्रम सम्पन्न भए पछि आवश्यक कागजात तयार गरी दोस्रो किस्ताको भुक्तानीका लागि पेश गर्नु पर्नेछ तर दोस्रो किस्ताको रकम प्राप्त गर्नका लागि प्रथम किस्ताको रकम फरफारक भएको हुनु पर्नेछ । **गा.पाले** अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा दोश्रो किस्ताको रकम भुक्तानी दिइनेछ । यस्तो अनुदान रकम व्यवसायिक तरकारी खेती गर्न आवश्यक पर्ने वीउ, मल, विषादी, प्लाष्टिक, सिचाईको पाईप, होर्डिङ्ग बोर्ड, सामाजिक लेखा परिक्षण तथा तरकारी उत्पादन गर्न आवश्यक पर्ने अन्य सामग्री आदिमा समेत खर्च गर्न सकिनेछ ।

३) यूवा कृषकहरुले प्रति सिजन ५ रोपनीका दरले २ सिजनमा (हिउंदे र बर्षे) तरकारी खेती गर्नु पर्नेछ ।

४) **च्याउ तथा मौरीपालन स्किम** कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने च्याउको बीउ, प्लाष्टिक, मौरी गोला सहितका घारहरुको आपुर्ति तोकिएका श्रोत केन्द्रहरुबाट हुनेछ ।

५) सम्वन्धित युवाहरुद्वारा कार्यक्रम संचालन पेश भएको स्कीम र सम्झौता अनुसार कार्यक्रम संचालन हुनुपर्ने छ ।

### १०.३.८ कार्य सम्पन्न प्रतिवेदन :

युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि **गा.पामा** तोकिए बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### १०.३.९ विविधः

**क) अनुगमन तथा मूल्याकन व्यवस्था :** गाउँपालिकाबाट नियमित अनुगमन गरि अनुगमन तथा मूल्याकंनको प्रतिवेदन अनिवार्य रुपमा तयार गरिनेछ ।

**ख) कारवाहीको व्यवस्था :** प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्यवाही गरी रकम असुल उपर गरिने छ ।

**ग) प्रचलित कानून लागूहुने :** युवालक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको र्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ

**घ) बिमा :** हरेक युवा लक्षित स्कीमले सम्भाव्यताको आधारमा विमा गराउनु पर्नेछ ।

तरकारी खेती/च्याउ/मौरीपालन सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**सूचना। सूचना॥ सूचना॥।**

यस **हतुवागढी गाउँपालिका**को आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यूवाहरुलाई तरकारी खेती /च्याउ / मौरीपालन सम्बन्धि कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखी ५० वर्ष उमेरका अर्ध वेरोजगार/वेरोजगार युवा/यूवतीहरुवाट दरखास्त पेश गर्नु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्रमा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्धारा सूचित गरिन्छ ।

तपशिल

१. गउँपालिका कार्यालयबाट तोकिए अनुसारको आवेदन फाराम ।
२. कार्यक्रमको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

हतुवागढी राजपत्र

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

## तरकारी खेती/च्याउ/मौरी सम्बन्धि कार्यक्रममा आनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हतुवगढी गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर।

**विषय :** युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई पाउँ ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल
१. कार्यक्रमको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा ब्यक्तिगत कृषक
४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)
५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
६. फर्म/समूह/समिति/सहकारीका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वियन गर्ने प्रतिवद्धता ।

निवेदकको नाम :
दस्तखत :
ठेगाना :
फोन नं.

### संघ/संस्थाको सिफारिस

यस ........................................ संघ/संस्था/सहकारी को मिति ................... को निणर्य अनुसार निवेदनकर्तालाई ................................ कार्यको लागि यस ................. को जमानतमा मांग गरे बमोजिमको रु. ........................... अनुदान सहयोग उपलब्ध गराई दिन हुन अनुरोध गर्दछौ ।

सिफारिस गर्ने पदाधिकारीको
नाम :
पद :
दस्तखत र मिति :

हतुवगढी राजपत्र

संघ/संस्थाको नाम र ठेगाना :
सम्पर्क नं. :
संस्थाको छाप :

## तरकारी खेती/ च्याउ / मौरी सम्बन्धि कार्यक्रमको अवधारणा पत्रको संक्षिप्त कार्य योजना

उद्यमी युवा/युवतीको नाम थर ..............
ठेगाना .............. जिल्ला .............. गाउँपालिका............... वडा नं. .................. टोल : ...................
संचालन गर्न खोजेको व्यवसाय ..............................
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी : ............... आफ्नो लगानि .......................
आफ्नो पारिवारिक श्रम .....................
व्यवसायवाट उत्पादन हुने वस्तु ..........................
उत्पादित कृषि बस्तुको परिमाण ....................... बजार योग्य परिमाण .......................
व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ..............
फर्म/समूह/समिति/सहकारीको नाम ...........................
सम्पर्क नम्वर ..........................
ठेगाना ......................
व्यवसाय संचालन गरिने स्थान : ...........................

**संचालन गरिने कार्य विवरणः**

क.सं.

१.

२.

३.

४.

**संचालन गरिने कियाकलाप**

अनुदान सहयोग रु..........नीजि लगानी रु......... जम्मा लगानी रु .........

ब्यवसाय गरेको भए, विगत कति वर्ष देखि ......... निरन्तर गरि रहेको वर्ष.........महिना.......
व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) वाहिर वाट ग) दुवै तर्फ वाट

पेश गर्नेको नाम, थर :
दस्तखत :
मितिः
पद/छाप : (संस्थाको हकमा) :

नेपाल राजपत्र

तरकारी खेती /च्याउ / मौरीपालन सम्बन्धि कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

हतुवागढी गाउँपालिकाको कार्यालय मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत यूवा लक्षित ............ कार्यक्रम संचालन गर्न हतुवागढी गाउँपालिकाको कार्यालय (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका यूवा कृषक श्री/सुश्री/श्रीमती .......................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाका आधारमा कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भई यो सम्झौतामा सहिछाप गरि दियौं ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा /कार्यबिधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी आफूले आवेदन गरे अनुसारको .......................... व्यवसाय संचालन गर्नेछ ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछ ।
४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/ भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।
५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| गाउँपालिकाको कार्यायलको तर्फवाट सहि गर्ने | युवा उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | औठाको छाप : दा. बाँ. |
| सम्पर्क फोन न : | संस्थाको छाप : |
| | सम्पर्क फोन न : |

हतुवागढी राजपत्र

**तरकारी खेती/च्याउ/मौरीपालन सम्बन्धि कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा**

१. उद्यमी कृषकका नाम : ठेगाना :
२. संचालित व्यवसायको नाम : ठेगाना :
३. आ.व. ४. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

| क.स. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका बाधा अड्चनहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य :**

१. ....... २. ....... ३. ....

युवा उद्यमीको नाम : दस्तखत : मिति :
ठेगाना :

हलुवागढी राजपत्र

## तरकारी खेती/मत्स्य पालन/च्याउ/मौरी सम्बन्धि कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

| क.स. | द.न. | आवेदकको नाम | ठेगाना | मुलयाङ्कनको पुर्णाङ्क (१००) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको नुभव/तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता/ उपयुक्तता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १० | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.

४.

५.

हलुवागौरीगाउँपत्र

## ११ बाली विकास कायर्क्रम

## ११.१ प्रदशर्न कायर्क्रम

### खाद्यान्न/दलहन/ तेलहन /तरकारी बालीका लागि नतिजा प्रदर्शन कार्यक्रम

### ११.१.१ परिचय/पृष्ठभूमिः

कुनै नयाँ प्रविधिको महत्व सिद्ध गरी कृषकहरुलाई देखाउन नयाँ प्रविधि र पुरानो प्रविधिको तुलनात्मक परिणामको लागि यो प्रदर्शन सञ्चालन गरिन्छ ।अनुसन्धानद्धारा प्रमाणित भई सिफारिस गरिएका उक्त प्रविधिको नतिजालाई कृषकको स्थानीय/परम्परागत प्रविधिको नतिजासँग तुलाना गरी उक्त प्रविधिहरु राम्रो र उपयुक्त छ भनेर दांजेर देखाइने तरिकालाई नतिजा प्रदर्शन भनिन्छ । यस प्रदर्शनको मुख्य उद्देश्य उक्त प्रविधिहरु पूराना प्रविधिहरु भन्दा राम्रा छन भनेर कृषकहरुलाई विश्वास दिलाई उक्त प्रविधिहरु अपनाउन लगाउनु हो ।

नतिजा प्रदर्शनमा कृषकले आफ्नै हातले प्रदर्शन गर्ने र आँखाले देख्ने हुनाले यसबारे कृषकलाई बढी विश्वास हुने हुँदा कृषकहरुले उक्त प्रविधिहरु सहजै ग्रहण गर्न सक्दछन् ।नतिजा प्रदर्शनमा रासायनिक मल प्रयोग गरी वा प्रयोग नगरी रोपिएको मकैको दुई जातका बालीहरु उदाहरणको रुपमा तुलना गर्न सकिन्छ । यस्तो प्रदर्शनमा कृषकहरुलाई रासायनिक मल प्रयोग नगरिएको बालीभन्दा रासायनिक मल प्रयोग गरिएको बालीबाट उत्पादन बढी भएको भन्ने कुरा कृषकहरुलाई तुलना गरेर देखाउन सकिन्छ । त्यस्तै गरेर उन्नत जातको गहुँको बीउ र स्थानीय गहुँको बीउबाट हुने उत्पादन परिणाम पनि दाँज्न सकिन्छ ।
नतिजा प्रदर्शन गर्नाले दुवै कृषक समुदाय / प्रसार कार्यकर्ताले अन्य कृषकहरुलाई नयाँ प्रविधिबारे पूर्ण विश्वासका साथ जानकारी उपलब्ध गराउन सक्दछन् ।नतिजा प्रदर्शन पूरा गर्नेलाई लामो समय लाग्ने भएता पनि सो प्रविधिको नतिजा पुरा भइसकेपछि प्रविधिहरुलाई कृषक समुदायमा ग्रहण गराउन ज्यादै प्रभावकारी भएको पाइएको छ । यस कार्यक्रमलाई सफल बनाउन राम्ररी कार्यक्रम तर्जुमा गर्नु आवस्यक छ । खाद्यान्न बाली, दलहन, तेलहन तथा अन्य बालीहमा एकै पटक एक अथवा एक भन्दा बढी प्रविधिहरुको तुलना गरी देखाउन पनि यो शैक्षिक तरिका प्रयोग गरिने छ ।

### ११.१.२ कार्यक्रमको उद्देश्यः

- प्रदर्शित प्रविधि स्थानीय हावापानी सुहाउँदो छ भन्ने कुरा देखाउँदै नयाँ प्रविधिको उपयुक्तता सिद्ध गर्नु ।
- उक्त प्रविधि र पुरानो स्थानीय प्रविधिको नतिजा दाँजेर नयाँ उन्नत प्रविधिहरु कृषकहरुलाई ग्रहण गर्न आकर्षण गर्नु ।
- उक्त प्रविधिको प्रभाव देखाई कृषकहरुलाई आकर्षित गर्नु ।
- कृषकहरुको वातावरणमा उक्त प्रविधि प्रयोग गरी ग्रहणयोग्य छ भन्ने कुराको विश्वास दिलाउनु

**११.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

- नतिजा प्रदशर्नको लागि जग्गा छनौट गर्दा सकभर सजिलैसँग निरीक्षण गर्न/ गराउन सकिने हिसावमा सडकको छेउछाउमा छनिनेछ । गाईवस्तुले नोक्सान पुयाउँने किसिमको हुनु हुँदैन ।
- नतिजा प्रदर्शन कुनै एक खास समस्यालाई लिएर गर्दा बढी प्रभावकारी हुन जान्छ । जस्तैः पंक्तिमा रोप्ने विधि विच छरुवा विधि, स्थानीय जात विच उन्नत जात, किटनाशक विषादि छर्ने विच नछर्ने, हरियो मलको प्रयोग विच प्रयोग नगर्ने, रासायिनक मल प्रयोग गर्ने विच स्थानीय गोठे मलको मात्र प्रयोग गर्ने आदि ।
- प्रदर्शन सामाग्रीको साथमा प्रर्दशन गर्न लागिएको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने समय, मलजल दिने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा कृषकलाई दिने व्यवस्था मिलाउनुपर्नेछ ।
- कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरु र समय, प्रदर्शन प्रति कृषकको धारणा जस्ता विवरणहरु रेकर्ड गर्नु पर्नेछ ।
- सबै सामाग्री जुटाई सकेपछि कृषकहरुलाई सहभागी गराई प्रदर्शन कार्य गर्नु पर्दछ र सबै कुराहरुको अभिलेख गरेर राख्नुपर्नेछ । जस्तैः वर्षा भएको दिन रोग कीरा लागेको भए सो को विवरण राख्नुपर्नेछ ।
- प्रदर्शन प्लटमा निम्न विवरण सिहतको वोर्ड राख्ने व्यवस्था हुनेछ ।
  - प्रदर्शनको किसिम
  - कृषकको नाम
  - बालीको किसिम/ जात
  - क्षेत्रफल
  - मलखादको मात्रा
  - आरम्भ गरेको मिति आदि ।
- नतिजा प्रदर्शन प्लटमा कृषकहरु जुटाई समय समयमा अवलोकन भ्रमण गराउनुपदर्छ ।
- नतिजा प्रदर्शन प्लटमा प्रदर्शन गरिएको बालीको रेकर्ड विशेष गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरुमा पनि विस्तार गर्नुपर्नेछ ।

**११.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः**

एक रोपनी क्षेत्रफलमा नतिजा प्रदर्शन सञ्चालन गरिने छ । प्रदर्शनको लागि आवस्यक बीउ र मलखाद बाली अनुसार सिफारिस दर मात्र प्रयोग गर्नुपर्नेछ भने प्रदर्शनस्थलमा साइनबोर्ड

राखुपर्नेछ । यस्ता सामग्रीहरुको लागि आवस्यक रकम गाउँपालिकाको दररेट/बजार भाउ अनुसार लागत अनुमान तयार गरी सोको आधारमा न्यूनतम लागत तोकि खर्च गर्न सकिने छ । बाली संरक्षण विषादीको हकमा जम्मा रु. ५०-१०००।- प्रति प्रदर्शन नबढ्ने गरी खर्च गर्न सकिने छ ।

## ११.२ उन्नत बीउ कीट वितरण कायर्क्रम

### ११.२.१ परिचय/पृष्ठभूमिः

कुनै पनि नयाँ/उन्नत बीउहरुको अनुसन्धान केन्द्र तथा कृषकको घरबारीमा जातीय परीक्षण गरी सिफारिस भएका नयाँ जातहरुलाई अथवा भविष्यमा सिफारिस हुन सक्ने नयाँ उन्नत जातहरुलाई कृषकको वातावरणमा पुर्याइ यथाशक्य चाँडो विस्तार गर्न र आवस्यक सुधारको लागि कृषकहरुबाट थप जानकारी र प्रतिकृया संकलन गरिने कार्यक्रमलाई उन्नत बीउ कीट वितरण भनिन्छ । उन्नत बीउ कीट वितरण कार्यक्रमको सम्पूर्ण कार्यान्वयन कृषकले आफ्नै वातावरणमा गर्दछन् ।

### ११.२.२ कार्यक्रमको उद्देश्यः

- कुनै एक स्थानमा लोकप्रिय भएको बालीको बीउ त्यस स्थानको आसपासका कृषकहरुलाई जानकारी दिन सो बीउ प्रसारण गर्नु ।
- परीक्षण केन्द्रमा उपयुक्त ठहर भएका नयाँ उन्नत जातहरु कृषकको घरबारीमा पुयाई विस्तार गर्न र सो जातबारे अनुसन्धानकर्ताले कृषकको प्रतिकृया जानकारी लिन ।
- कृषकलाई हुने सम्भाव्य नोक्सानीबाट जोगाउने र आवस्यक नोक्सानी पुर्याउने कुराहरुलाई सुधार गर्न ।
- कृषकहरुलाई राम्रो जात र प्रविधिहरु उनीहरुलाई नै छनौट गर्ने अवसर दिन ।
- नयाँ जातबारे कृषक र प्रसार कार्यकर्ताहरुलाई उपयोग गर्न विश्वास बढाउने ।

### ११.२.३ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

बाली अनुसार बढीमा १ रोपनी क्षेत्रफलमा उन्नत बीउ किट वितरण गर्न सकिने छ । प्याकिङ खर्च लगायत सामाग्रीहरुको लागि आवस्यक रकम गाउँपालिकाको दररेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा न्यूनतम लागत तोकि खर्च गर्न सकिने छ ।

## ११.३ गाउँपालिकास्तरीय बीउ बिजन आत्मनिर्भर कायर्क्रम

### ११.३.१ परिचय/पृष्ठभूमिः

- कृषि उत्पादनका विविध आवस्यक सामाग्रीहरुमध्ये बीउको आपूर्तिलाई सरल र सुलभ रुपमा कृषकस्तरमा उपलव्ध गराई खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने अभिप्रायले बीउ विजन उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।
- गुणस्तरीय बीउको प्रयोगबाट मात्र पनि उत्पादनमा १५-२५ प्रतिशत वृद्धि हुने तथ्य सर्वत्र सावित भई सकेको छ ।
- लगभग ९५% नेपाली कृषकहरुमा परम्परागत ढंगले खेती गरिएको बालीबाट बीउ संचय गरी धेरै वर्षसम्म साल वसाली प्रयोगमा ल्याउने चलन छ । यस्तो किसिमको बीउ उन्नत जातको भएता पनि बीउको

आनुवांशिक गुणस्तरमा ह्रास आई उत्पादनमा कमी भएको पाइन्छ । कृषकले आफैं संचय गरेको बीउमा उमारशक्ति र भौतिक शुद्धता न्यूनतम स्तरमा भएको पाइन्छ । अतः लगभग ९५% कृषकहरुले प्रयोग गर्दै आएको बीउको गुणस्तर सुधार्न सकेमा हालको कृषिको उत्पादनमा करिब २०% ले वृद्धि गर्न सकिन्छ । मूल बीउबाट प्रमाणित बीउ उत्पादन गर्ने र उक्त श्रोत बीउबाट आफ्नै गाउँपालिकाका सम्पुर्ण वडालाई पुग्ने गरि उक्त बीउ खायन बाली उत्पादनका लागि ३/४ वषर्सम्म प्रयोगमा ल्याउने तथा ३/४ वर्षपछि पुनः नयाँ बीउ प्रयोग गरिनेछ ।

**११.३.२ कार्यक्रमको उद्देश्यः**

- गाउँपालिकालाई बीउमा आत्मनिर्भर बनाउन कृषकहरुको सहभागितामा गुणस्तरीय बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी उचित मूल्यमा बीउको आपूर्ति समयमा गराउने ।
- बीज वृद्धि कार्यक्रममार्फत कृषक समुदायमा गुणस्तरीय बीउको महत्व बारे जानकारी गराउने
- गा.पा. स्तरीय बीउ विजन आत्मनिर्भर कार्यक्रमबाट उत्पादित खाद्य बालीको गुणस्तरीय बीउ अर्को पुस्ताको बीउ उत्पादन गर्नको लागि सुरक्षित रुपले संचय गर्न कृषक समूहहरुलाई अभिप्रेरित गराउने ।
- कृषक समूहहरुलाई खाद्य बालीको विजवृद्धि कार्यक्रम संस्थागत र व्यावसायिक रुपमा सञ्चालन गर्न प्रोत्साहित गर्ने ।
- गुणस्तरीय बीउको उत्पादन, प्रशोधन, सुरिक्षत भण्डारण एवं चक्लावन्दी/ठूलो क्षेत्रफलमा विजवृद्धि कार्यक्रम सञ्चालन गर्न कृषक समूहहरुलाई जागरुक बनाउने ।

**११.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

गा.पा. स्तरमा बीज वृद्धि कार्यक्रम तर्जुमा गर्न सर्वप्रथम गा.पा.को कृषि विकास शाखाले गा.पा.को लागि आवस्यक बीउको परिमाण यकिन गर्न तथ्याङ्क संकलन गर्नु पर्नेछ । तथ्याङ्क संकलन गर्दा, गा.पा.मा सम्बिन्धत बालीले ढाकेको क्षेत्रफल, उन्नत तथा स्थानीय जातको बीउले ढाकेको क्षेत्रफल, प्रमाणित बीउलाई तीन चार वर्ष सम्म खाद्यान्न उत्पादनको लागि प्रयोग गर्न सकिने तथ्य, बालीको बीउ दर, उत्पादकत्व आदि पक्षहरुलाई मध्यनजर राखि कुन वर्षमा कति क्षेत्रफलमा मूल बीउबाट प्रमाणित बीउ उत्पादन गर्ने हो सो को निधो गर्नु पर्नेछ । यसरी यकिन गरिएका नयाँ पुस्ताका बीउको आवस्यकता र परिपूर्ति गर्ने कार्य योजना गा.पा.मा छलफल गरी निर्णय गर्नु पर्नेछ । यसै बमोजिम स्पष्ट आँकडा सहित गा.पा.मा बीज वृद्धि कार्यक्रम तर्जुमा एवं सञ्चालन गर्नु पर्ने ।

सम्पूर्ण आँकडाहरु बाली अनुसार नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ । गा.पा. को कृषि विकास शाखाले बीउ बिजनको महत्व एवं गा.पा. भित्रका बीउ उत्पादन गर्न सकिने क्षेत्रहरुबारे

कृषकहरुलाई जानकारी दिई उनीहरुलाई बीउ उत्पादन कार्यमा लाग्न प्रोत्साहित गर्नु पर्नेछ । प्रोत्साहित कृषकहरुसँग छलफल गरी सोही समयमा सही कृषकहरुको पहिचान गरी कृषक समूह गठन गर्ने र बीउ बिजन कार्यक्रममा संलग्न गराउनु पर्नेछ । कृषक छनौट गर्दा बीउ संचय गर्न सक्ने, उत्पादन साधन प्रयोग गर्न सक्ने, सहयोगी भावना भएका किसान वा कृषक समूह छनौट गर्नु पर्नेछ । यस छलफलमा प्राविधिक ज्ञानको साथ साथै बीउ उत्पादक कृषकहरुलाई उत्पादित बीउ खाद्यान्नमा प्रयोग नगरी वेचविखन गर्नुपर्ने, बेचिबखन कृषक आफैंले वा कृषक समूहले नै गर्नु पर्ने जानकारी दिनु पर्नेछ

उक्त सम्वन्धमा गाउँपालिकाले बीउ उपलब्धता बारे गा.पा. भित्र एवं छिमेकी गा.पा.हरुमा प्रचार प्रसार र निजी बीउ व्यवसायी सँग समन्वय राखि बिक्रिका लागि सहयोग पुर्याइ दिन सक्नेछ । विभिन्न हिउँदे र वर्षे बालीहरुको बीज वृद्धि कार्यक्रम सञ्चालन गर्न क्षेत्रफल तोके पश्चात् आवस्यक श्रोत बीउ (मूल बीउ) को जात तथा परिमाण सरकारी वा अन्य विश्वासयोग्य स्थानबाट खरिद गरि ल्याउनुपर्नेछ । छनौट गरिएका कृषकहरुको खेत जग्गामा सिँचाइ सुविधा हुनु पर्नेछ, बीउ उत्पादनका लागि प्रति कृषक समूह न्यूनतम् पाँच रोपनीको प्लट हुनु पर्नेछ । प्लट छनौट गर्दा समूहको निर्णयबाट एक भन्दा बढी कृषकहरुको प्लट वा एउटा मात्र कृषकलाई समावेश गर्न सकिनेछ । उक्त बीउ उत्पादन, बीउ संकलन, प्रशोधन, सुरक्षित संचय, र बिक्रिवितरण गर्ने तर्फ कृषक वा कृषक समूहलाई प्रोत्साहन गर्न गा.पा.स्तरीय बीउ विकास प्रवर्धन कोष (Revolving Fund) को स्थापना गरी आवस्यक सेवा टेवामा सहुलियत र सुविधाहरु प्रदान गर्न सकिनेछ । कृषक समूहबाट उत्पादित बीउको वेचविखनको आँकडा एवं बीउको स्थिति सम्बन्धित कृषक समूहले गाउँपालिकामा नियमित रुपमा बुझाउनुपर्नेछ ।

### ११.३.४ कार्यक्रम सञ्चालनको लागि प्राविधिक सेवा र टेवा (Technical Support)

१. बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न गा.पा को कृषि विकास शाखाले बीउ उत्पादक कृषक समूहको सहभागितामा कार्यतालिका (Calender of Operation) तयार गरेर गाउँपालिका कार्यालयमा पेश गर्नेछ । कृषि विकास शाखाले समय-समयमा बीउ उत्पादन कार्यक्रमको निरीक्षण, प्राविधिक सहयोग, बीउ उत्पादन समूह बीच समन्वय, उत्पादक कृषक समूहमा जागरुकता वढाउने कार्य गर्ने छ । कार्य तालिकामा कमसेकम तल दिइएका बुँदाहरु समावेश भएको हुनु पर्नेछ ।

क) कृषकको नाम, थर, ठेगाना

ख) बीउ उत्पादन गर्ने थलोको ठेगाना

ग) माटोको नमुना लिने मिति

घ) जग्गा तयारीका दिनहरु

ङ) बीउ रोपाई, छर्ने मिति

च) सिँचाइ गर्ने मितिहरु (Tentative)

छ) गोडमेल गर्ने मितिहरु
ज) Rouging गर्ने मितिहरु

२. गा.पा.ले बीउ बिजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, माटो परीक्षण प्रयोगशाला र सिँचाइ कार्यालयहरुको समन्वयमा बीउ उत्पादन गर्ने कृषक समूहको लागि बीउ उत्पादन प्रविधि, भण्डारण, गुणस्तर नियन्त्रण, प्याकिङ र बजार व्यवस्था सम्बन्धी तालिममा सहभागी गराउन सक्ने छ ।

३. बीउ बालीको गुणस्तर नियन्त्रण गर्न गा.पाले कमसेकम दुई पटक बीउ बाली निरीक्षण गर्ने र बीउ बिजन विकास तथा गुण नियन्त्रण सेवा शाखाबाट उपलब्ध गराइने प्रथम तथा अन्तिम निरीक्षण फार्महरु भरी बीउ बिजन प्रयोगशालामा पठाउनेछ। बीउ बिजन प्रयोगशालाले सम्पूर्ण बीउ उत्पादन क्षेत्र मध्ये कम्तिमा ५-१०% क्षेत्रमा बीउ बाली निरीक्षण गर्नेछ । बीउको गुणस्तर जोगाउनका लागि विशेष गरी बाली कटानी, चुटानी, सुकाउने र भण्डारण अवस्थामा प्राविधिकहरुले निरन्तर निरीक्षण गरी कृषकहरुलाई सुझाव दिनुको साथै बीउको निगरानी राख्नु पर्नेछ ।

४. बीउ तयार भए पछि भण्डारण गर्नु भन्दा अगाडि बीउको नमुना संकलन गरी बीउ परीक्षणको लागि बीउ बिजन प्रयोगशालामा पठाउनुपर्नेछ । सो वाहेक भण्डारण अवस्थामा र बीउ बिक्री गर्ने समयमा पुनः बीउ परीक्षणको लागि नमुना संकलन गरी प्रयोगशालामा पठाउनु पर्नेछ र प्रमाणित बीउको लागि निर्धारित गरिएको स्तर मेल खाने उपयुक्त बीउलाई मात्र प्रमाणित बीउको रुपमा बिक्री वितरण गर्न कृषकहरुलाई स्वीकृती दिइनेछ । कृषक/ कृषक समूहको बीउ प्रमाणिकरणको लागि आवस्यक सम्पूर्ण प्रकृयाहरु पूरा गर्ने कार्यमा गा.पा.को कृषि विकास शाखाले सहयोग पुर्याउने छ ।

५. बीउ उत्पादक कृषकहरुलाई गुणस्तरयुक्त बीउ उत्पादनमा सहयोग पुर्याउन गा.पा.मा आवस्यकता अनुसार निम्न उपकरणहरु र सामाग्रीहरुको व्यवस्था मिलाउनु पर्नेछ ।
(क) चिस्यान जाँच गर्ने उपकरण (Moisture Meter)
(ख) बीउ छर्ने समयमा बीउ परीक्षण गर्न Petry Dish तथा Plastic Tray, जसमा माटो वालुवा राखि बीउ परीक्षण गर्न सकिन्छ ।
(ग) बीउको नमुना लिने (Seed Sampler)
(घ) बीउ उपचार गर्ने ड्रम (Seed Treatment Drum)
(ङ) विभिन्न बालीको बीउको नमुनाहरु राख्ने (Plastic Container)
(च) Measuring Tape
(छ) तराजु (Pan type)
(ज) स्टेशनरी, forcep, pencil, register, field inspection forms, hand lens, नमुना विवरण फाराम आदि

### ११.३.५ कार्यक्रम सञ्चालनका लागि आवस्यक श्रोत,साधनहरुको व्यवस्थाः

१. गा.पा.को बीज वृद्धि कार्यक्रम सञ्चालनको लागि मूल बीउको श्रोत नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत तोकिएका फार्म/ केन्द्रहरु हुनेछन् । मूल बीउ फार्म वा केन्द्रहरुबाट गा.पा.ले समयमै उत्पादन स्थलसम्म ढुवानी गर्नु पर्नेछ । कथम्कदाचित दैवी प्रकोप अथवा अन्य कारणबाट मूल बीउ विग्रन गई पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको खण्डमा प्रमाणित बिउ बाट पनि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२. बीउ उत्पादक कृषकहरुलाई प्राथमिकता दिई कृषि सामाग्री कम्पनी वा प्राइभेटबाट रासायिनक मल उपलब्ध गराउने र आवस्यकता अनुसार कृषकहरुलाई बीउ उत्पादन र व्यवसायको लागि कृषि विकास बैंक मार्फत ऋण उपलब्ध गराउन सहयोग गर्न सकिनेछ ।

३. बीउ उत्पादनको लागि प्रयोग गरिने मूल बीउको मूल्यमा ७५% अनुदान सहुलियत प्रदान गर्न सिकनेछ।

४. श्रोत बीउको ढुवानी गर्न (श्रोत बीउ उपलब्ध हुने स्थान देखि गा.पा., सम्बिन्धत कृषक वा कृषक समूह सम्म) आवस्यक ढुवानी रकम गा.पा.को वार्षिक बजेटमा व्यवस्था गर्नेछ।

५. बीउ बाली संरक्षणको प्रति हेक्टर रु. ५०००।- को दरले गा.पा.ले बजेटको व्यवस्था गर्नेछ । साथै समूहमा स्प्रेयर खरीदको लागि प्रति ९ (नौ) लिटरको स्प्रेयरमा ५०-१००% अनुदान उपलब्ध गराउन सकिनेछ ।

६. बीउ सुरक्षित भण्डारणको लागि मेटल वीनको मूल्यमा ५०-१००% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

७. बीज वृद्धि कार्यक्रम सञ्चालनका लागि गा.पा. भित्र आवश्यकता अनुसार समूह गठन गर्न सकिनेछ ।

## १२. बागवानी विकास कार्यक्रम

### फलफूल बाली विकास कार्यक्रम

### १२.१ फलफूल नयाँ नर्सरी स्थापना कार्यक्रम

### १२.१.१ परिचय/पृष्ठभूमिः

फलफूल खेतीलाई टेवा पुर्याउन फलफूलका बिरुवाहरु स्थानीय कृषकद्धारा उत्पादन गराई सहज रुपमा बिरुवा उपलब्ध गराउन सञ्चालन गरिने यो कार्यक्रम फलफूल खेतीको वाहुल्य रहेका गाउँपालिका भित्रका क्षेत्रहरुमा केन्द्रित गरिनेछ ।

**१२.१.२ कार्यक्रमको उद्देश्यः**

- फलफूल खेती गर्न इच्छुक कृषकलाई स्थानीय स्तरमा उत्पादन गरिएका बिरुवा उपलब्ध गराइनेछ ।
- नर्सरी स्थापना गरी बोट बिरुवा आपूर्ति गर्न व्यवसायीहरुलाई सक्षम तुल्याइनेछ ।

**१२.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

फलफूल नर्सरी खेती गर्न इच्छुक कृषकहरुलाई नर्सरी स्थापना गर्नुभन्दा अगाडि निम्न अनुसारको शर्तहरु गराउनु पर्नेछ ।

- ✓ नर्सरी स्थापना गरेको २ वर्ष देखि वार्षिक बिरुवा उत्पादन क्षमता १००० भन्दा बढी हुनुपर्ने।
- ✓ नर्सरी स्थापना गरेपछि कम्तिमा पनि ५ वर्षसम्म सञ्चालन गर्नुपर्ने ।
- ✓ फलफूल बिरुवा उत्पादन गर्दा तोकिए बमोजिमको फलफूल जात, रसायन, रुटस्टक र साइन मात्र प्रयोग गर्नुपर्ने ।
- ✓ उक्त शर्त सहित सम्झौता पश्चात् मात्र इच्छुक कृषकहरुलाई नर्म्समा उल्लेखित सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

**१२.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

- ✓ ९ लिटर स्प्रेयर १ थानको मूल्यमा ५०-१०० प्रतिशत अनुदानमा दिने ।
- ✓ ३ थान सिकेचरको मूल्यमा ५०-१०० प्रतिशत अनुदानमा दिने ।
- ✓ ५ थान कलमी चक्कूको मूल्यमा ५०-१०० प्रतिशत अनुदानमा दिने ।
- ✓ किटनाशक विषादी ५०-१००० एम.एल. सम्म पुर्ण अनुदानमा दिने ।
- ✓ प्लाष्टिक सिट १० के.जी.को मूल्यमा ५०-१०० प्रतिशत अनुदानमा दिने ।
- ✓ रोगनाशक विषादी १ के.जी. सम्म पुर्ण अनुदानमा दिने ।
- ✓ २ वटा हजारीको मूल्यमा ५०-१०० प्रतिशत अनुदानमा दिने ।
- ✓ ०.५ इन्चको पोलिथिन पाईप १०० मिटरसम्ममा ५०-१०० प्रतिशत अनुदानमा दिने ।
- ✓ सामाग्रीको लागत अनुमान स्वीकृत गाउँपालिकाको दर रेट अनुसार गर्नुपर्नेछ ।

उक्त सामाग्रीहरुको मूल्य हिसाब गरी बजेट कार्यक्रम तर्जुमा गर्दा रकम प्रस्तावित गर्नु पर्नेछ ।

## १२.२ फलफूल नर्सरी सुदृढिकरण कार्यक्रम

**१२.२.१ परिचय/पृष्ठभूमिः**

गा.पा. भित्र भई रहेका फलफूल नर्सरीहलाई सुदृढिकरण गराउन आवस्यक देखिएको अवस्थामा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**१२.२.२ कार्यक्रमको उद्देश्यः**

गा.पा. भित्र भइरहेका नर्सरीहरुलाई सुदृढ गराउँदै लैजानु ।

**१२.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

गा.पा. भित्रका नर्सरीहरु के-कस्ता अवस्थामा छन् अनुगमन गरी प्राविधिक टेवा पुर्याउँदा प्रभावकारी हुने देखिएमा यस्ता नर्सरीहरुलाई नर्म्समा तोकिएको सुविधा तथा सेवा उपलब्ध गराई सुदृढिकरण गर्नुपर्नेछ ।

**१२.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

- प्लाष्टिक सिट व्याग १० के.जी प्रति नर्सरी मूल्यमा ५०-१०० प्रतिशत अनुदान दिइनेछ ।
- रोगनाशक विषादी १ के.जी. प्रति नर्सरी मूल्यमा पुर्ण अनुदान दिइनेछ ।
- कीटनाशक विषादी ५०-१००० एम.एल. प्रति नर्सरी मूल्यमा ५०- १०० प्रतिशत सम्म अनुदान दिइने छ।
- कार्यक्रम स्वीकृत सरकारी/जिल्ला/स्थानीय दर रेट अनुसार संचालन गरिनेछ ।

## १२.३ नमुना फलफूल बगैंचा स्थापना कार्यक्रम

**१२.३.१ परिचय/पृष्ठभूमिः**

फलफूल खेती कृषकको अर्थोपार्जनका लागि एक आकर्षण व्यवसाय भएको र यसको लागि प्राविधिक ज्ञान सीप बढी आवस्यकता पर्ने भएकोले प्राथमिकता रुपमा फलफूल क्षेत्रमा नमुनाको रुपमा बगैंचा स्थापना गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**१२.३.२ कार्यक्रमको उद्देश्यः**

प्रदर्शनको रुपमा नमुना बगैंचाहरु स्थापना गरी कृषकलाई पाखो जग्गाहरुमा फलफूल खेती गर्न प्रोत्साहित गराउने ।

**१२.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

- एउटा फलफूल उत्पादन पकेट क्षेत्रमा एउटा मात्र नमुना बगैंचा स्थापना गर्नुपर्नेछ ।
- गा.पा. भित्रमा बढीमा ४ वटासम्म यस्ता फलफूल बगैंचाहरु सञ्चालन गर्न सकिनेछ ।
- वहुसंख्यक कृषकहरुले हेर्न र सिक्न सक्ने गरी प्रदर्शन स्थल एवं कृषक छनौट गर्नुपर्नेछ।
- कृषकहको सहभागितामा नर्म्समा उल्लेख भए अनुसारका सुविधाहरु उपलब्ध गराउनु पर्नेछ ।
- करिब २ रोपनी क्षेत्रफलमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**१२.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

- आवस्यक बोट बिरुवाको मूल्यमा ५०-१०० प्रतिशत सम्म अनुदान दिने ।
- ९ लिटर स्प्रेयर १ थानको मूल्यमा ५०-१००प्रतिशत सम्म अनुदान दिने।
- २ वटा सिकेचरको मूल्यमा ५०-१०० प्रतिशत अनुदान दिने ।
- २ वटा प्रुनिङसको मूल्यमा ५०-१०० प्रतिशत अनुदान दिने ।
- ०.५ इन्चको पोलिथिन पाईप १०० मिटरसम्ममा ५०-१०० प्रतिशत अनुदान दिने ।
- कार्यक्रम स्वीकृत दर रेट अनुसार सञ्चालन गरिनेछ ।

**१२.४ नमुना फलफूल बगैंचा व्यवस्थापन अनुसरण कार्यक्रम**

**१२.४.१ परिचय/पृष्ठभूमिः**

स्थापना गरिएका नमुना फलफूल बगैंचाहरुले उत्पादन नदिएसम्म अर्थात फलफूलहको किसिम हेरी २-६ वषर्सम्म अनुसरण गरिनेछ ।

**१२.४.२ कार्यक्रमको उद्देश्यः**

नमुना फलफूल बगैंचाहरुको रेखदेख तथा अनुसरण गर्नु/गराउनु ।

**१२.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

अनुसरणको रुपमा नमुना बगैंचामा देखा परेका समस्याहरुको निराकरण गर्न आवस्यक पर्ने रासायिनक मल, रोग/कीरानाशक विषादी, निलोतुथो, चुन, आदिको लागि नर्म्समा उल्लेख भए अनुसारको सहयोग उपलब्ध गराइनेछ ।

**१२.४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

नमुना बगैंचाहरुमा उत्पादन नदिएसम्म (२-६ वर्ष) अनुदानमा रासायिनक मल, रोग, कीटनाशक विषादी, निलोतुथो, कृषि चुन आदि समेतमा बढीमा प्रथम वर्ष वार्षिक रु. २०००।- सम्म खर्च गर्न सकिनेछ । दोस्रो वर्ष रु. २०००।- को ७५ प्रतिशत, तेस्रो वर्षमा ५०-१००

प्रतिशत, चौथो वर्षमा २५ प्रतिशत र पांचौ वर्षमा कृषक स्वयम्ले नै व्यहोर्नु पर्नेछ । कार्यक्रम स्वीकृत दर रेट अनुसार सञ्चालन हुनेछ ।

**१२.५ बगैंचा समस्या निदान प्रदर्शन/अभियान कार्यक्रम**

**१२.५.१ परिचय/पृष्ठभूमिः**

महामारीको रुपमा फैलिन लागेको रोग कीरा सम्बन्धी समस्या निदान गर्न फलफूल उत्पादन पकेट क्षेत्रहरुमा यो अभियान सञ्चालन हनेछ ।

**१२.५.२ कार्यक्रमको उद्देश्यः**

फलफूलको बोट बिरुवामा रोग कीरा तथा अन्य समस्या निदान गर्ने प्रविधि प्रदर्शन गर्नु तथा समस्या निदान प्रदर्शन अभियानको रुपमा सञ्चालन गरी प्रभाव देखाउनु ।

**१२.५.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

रोग कीरा नियन्त्रण गर्न आवस्यक सामाग्री/उपकरण आदि नर्म्समा उल्लेख गरिए अनुसार उपलब्ध गराउने व्यवस्था मिलाई आवस्यक देखिएमा समस्या निदान प्रदर्शन अभियानको रुपमा कार्यक्रम सञ्चालन हुनेछ ।

**१२.५.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

महामारीको रुपमा फैलिन लागेका रोग, कीरा आदि नियन्त्रण कार्यको लागि विषादी प्रयोगमा रु. २०००।- सम्म खर्च गर्न सकिनेछ ।

**१२.६ फलफुल विरुवा वितरण कार्यक्रम**

**१२.६.१ परिचय/पृष्ठभूमिः**

यस गाउँपालिकाको क्षेत्र भित्रमा उपयुक्त हुने हिउँदे, वर्षे, सुन्तलाजात लगायतका फलफुल बालीहरु लगाई कृषकको आयस्तरमा वृद्धि ल्याउनुको साथै फलफुल बालीको बगैंचा स्थापना, फलफुल बालीले ढाकेको क्षेत्रफल बढाई उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउन यो कार्यक्रम संचालन हुनेछ ।

**१२.६.२ कार्यक्रमको उद्देश्यः**

फलफुल बालीको बगैंचा स्थापना, फलफुल बालीले ढाकेको क्षेत्रफल बढाई उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउन यो कार्यक्रम संचालन हुनेछ ।

**१२.६.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

हिउँदे, वर्षे, सुन्तलाजात लगायतका फलफुल बालीका प्रचलित मापदण्ड बमोजिमका सिफारिस गरिएका बालीहरु तथा तिनका उन्नत कलमी तथा विजु विरुवाहरु अनुदानमा वितरण गरिनेछ । वितरणको ठिक दुई महिना अघि कृषकहरुको माग संकलन गरि उपयुक्तताको आधारमा कम्तिमा एक कृषक बराबर १० विरुवाको दरले वितरण गरिनेछ ।

**१२.६.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

विरुवाको ढुवानीमा शतप्रतिशत तथा विरुवा ७५ देखि १०० % सम्म अनुदानमा वितरण गरिनेछ ।

**१२.७ फलफुल जोन स्थापना कार्यक्रम**

**१२.७.१ प्रस्तावना** : फलफुल वगैंचाहरुमा उन्नत जात र प्रविधिको प्रयोग मार्फत उचित व्यवस्थापन गरी यसको उत्पादन र उत्पादकत्व बढाउन सकिने प्रशस्त सम्भावना देखिन्छ ।साथै जलवायुको हिसावले पनि समुन्द्र सतहबाट ४०० मीटर देखि १६०० मीटरसम्म फलफुल खेती गर्न सकिने भएकोले यस गाउँपालिका अन्तर्गत फलफुलको क्षेत्रफल बढाउन सकिने प्रचुर सम्भावना छ। यसर्थ व्यवस्थित, स्वस्थ र उत्पादनमुखी फलफुल वगैंचालाई प्रवर्द्धन गरी गाउँपालिका १ लाई फलफुल उत्पादनमा आत्मनिर्भर बनाउँदै निर्यात उन्मुख बनाउनका लागि किसानलाई आवश्यक सहयोग र सहजिकरण गर्न आवश्यक देखी गाउँपालिकाको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप फलफुल खेती प्रवर्द्धन कार्यक्रम/ फलफुल जोन स्थापना कार्यक्रम कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले,

**१२.७.२ कार्यक्रम को उदेश्य** :- (१) यस नियमावली अनुसार संचालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) फलफुलको क्षेत्र विस्तार तथा पुराना वगैंचा सुदृढिकरण गर्ने

(ख) फलफुलको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने

(ग) किसानहरुको आय आर्जनमा वृद्धि तथा फलफुलको आयात प्रतिस्थापनामा सघाउ पुऱ्याउने र

(घ) फलफुलको मूल्य श्रृङ्खला अभिवृद्धि गर्ने ।

**१२.७.३ कार्यक्रम संचालन प्रकृया सम्बन्धमा :**

(१) यो कार्यक्रम हतुवागढी गा.पा.को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन गरिने छ ।

(२) यस कार्यक्रममा विधिवत रुपमा दर्ता भएका कृषि समुह/सहकारी /फर्म/उद्यमीहरुले पुरानो बगैचा सुदृढिकरण तथा नयाँ बगैंचा स्थापनाको लागि प्रस्ताव पेश गर्न सक्ने छन ।

(३ (फलफुल खेती प्रवर्द्धन/ फलफुल खेति विस्तार/फलफुल खेति विस्तारको क्षेत्र निर्धारणको प्रमुख जिम्मेवारी हतुवागढी गाउँपालिकाको रहनेछ ।

(४) कार्यक्रम संचालनको प्रमुख जिम्मेवारी हतुवागढी गाउँपालिकाको कृषि विकास शाखाको हुनेछ ।

(५) सम्बन्धित संस्थाहरुले फलफुलको व्यवसायिक बगैंचा स्थापनाका अलवा स्थापित व्यवसायिक बगैंचामा उत्पादनशिल क्रियाकलाप तथा उन्नत प्रविधि अवलम्वन (वगैंचा सुदृढिकरण) का लागि समेत प्रस्ताव पेश गर्न सक्नेछन् ।

(६) कार्यक्रम संचालन गर्न कम्तीमा १ रोपनी ब्लक हुनु पर्नेछ।

(७) बिरुवा रोप्दा वगैंचाको रेखाङ्कन अनिवार्य रुपमा गर्नु पर्ने छ र प्राविधिक मापदण्ड अनुसार विरुवा रोप्नु पर्नेछ । लगाएको विरुवा मरेमा सम्बन्धित किसानले नै पुनःरोपण गर्नुपर्ने प्रतिवद्धता गरेको हुनु पर्नेछ।

**१२.७.४ मुल्याङ्कन समिति सम्बन्धी व्यवस्था :** (१) निर्धारण गरिएको समय सीमाभित्र विधिवतरुपमा प्राप्त प्रस्तावहरुको मुल्याङ्कनका लागि देहाय बमोजिमको एक प्रस्ताव छनौट तथा मुल्याङ्कन समिति रहनेछ।

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रशासन/योजना शाखा प्रतिनिधी - सदस्य

(ग)वडा अध्यक्ष प्रतिनिधी - सदस्य

(घ) कृषि विकास शाखाको सहायकस्तर कर्मचारी - सदस्य

(ङ) पशुपन्छी सेवा शाखा/विषयगत शाखा प्रतिनिधि - सदस्य

(च) लेखा शाखा प्रतिनिधी - सदस्य

(छ) कृषि संयोजक - सदस्य सचिव

(समितिले आवश्कता अनुसार अधिकतम २ जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।)

हतुवागढी राजपत्र

१२.७.५ **सञ्चालन हुने मुख्य मुख्य कृयाकलापहरु :**

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | फलफुल बगैंचा क्षेत्र विस्तार | श्रोत विरुवा खरिद तथा ढुवानी अनुदान | ▪ श्रोत बिरुवा खरिदमा ५०-१०० % अनुदान र विरुवा ढुवानीमा शत प्रतिशत | |
| २. | फलफुल बगैंचा स्थापना प्रोत्साहन | बगैंचा रेखाङ्कन, विरुवा रोपण, खाडल खन्ने तथा मलखाद व्यवस्थापन | प्रचलित बजार मुल्यमा ७५ % देखी शत प्रतिशत अनुदान | |
| ३. | कृषि औजार उपकरण खरिद तथा वितरण | खाडल खन्ने मेशिन, पावर/मिनि टिलर, घाँस काट्ने र गोड्ने मेशिन आदि | प्रचलित बजार मुल्यमा ७५ % देखी प्रचलित बजार मुल्यमा ७५ % देखी शत प्रतिशत अनुदान | |
| ४. | उन्नत प्रविधि अनुसरण | मल्चिङ तथा थोपा सिंचाई जडान | प्रचलित बजार मुल्य अनुसार तयार भएको लागत अनुमानमा ७५ % देखी शत प्रतिशत अनुदान | |
| ५. | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), भूमिगत सिँचाई, पाईप, कुलो निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाई (सौर्य सिंचाई) | प्रचलित बजार मुल्यमा ८५ % देखी शत प्रतिशत अनुदान | |

**१२.७.६. आर्थिक प्रशासन सेवा :** (१) कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

## तरकारी बाली विकास कार्यक्रम

### १२.८. तरकारी प्याकेज प्रदर्शन कार्यक्रम

**१२.८.१ परिचय/पृष्ठभूमिः**

तरकारी बालीका विविध प्रविधिहरुलाई समेटेर तरकारी खेतीमा संलग्न कृषकहरुलाई त्यस्ता प्रविधिहरु सिकाई आत्मविश्वास दिलाउन तरकारी प्याकेज प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ ।

**१२.८.२ कार्यक्रमको उद्देश्यः**

तरकारी उत्पादक कृषकहरुलाई तरकारी बाली सम्बन्धी नयाँ प्रविधि तर्फ उन्मुख गराउनु ।

**१२.८.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

तरकारी खेतीमा संलग्न कृषकहरुलाई तरकारी बालीका विविध प्रविधिहरु १ रोपनी क्षेत्रफलमा समष्टिगत रुपमा प्रदर्शन गर्नुपर्नेछ । कृषकहरुलाई बीउ, वेर्ना, रासायिनक मल, विषादी, साइनवोर्ड आदि नर्म्स अनुसार उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**१२.८.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

वेर्ना, बीउ, रासायिनक मल, विषादी, सुक्ष्मतत्व, साइनवोर्ड आदिमा प्रति प्रदर्शन बढीमा रु. १०००।- सम्म खर्च गर्न सकिनेछ ।

**१२.९ तरकारी बालीको विउविजन/बेर्ना/विरुवा /उत्पादन सामामग्री वितरण कार्यक्रम**

**१२.९.१ परिचय/पृष्ठभूमिः**

तरकारी खेतीलाई टेवा पुर्याउन वर्णशंकर तथा उन्नत जातका तरकारीका विउविजन/बिरुवाहरु कृषकहरुलाई अनुदानमा वितरण गरि तरकारी बालीले ढाकेको क्षेत्रफल बढाउने, तरकारी बालीको उत्पादन तथा उत्पादकत्व बढाई गाउँपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउने तर्फ उन्मुख गराउनको लागि तथा कृषकहरुलाई तरकारि बालीको व्यवसायिकतामा आकर्षित गराउन गरिने यो कार्यक्रम तरकारि खेतीको सम्भाव्य रहेका गाउँपालिका भित्रका क्षेत्रहरुमा केन्द्रित गरिनेछ ।

**१२.९.२ कार्यक्रमको उद्देश्यः**

- तरकारी खेती गर्न इच्छुक कृषकलाई अनुदानमा बिउविजन /वेर्ना/उत्पादन सामाग्रीउपलब्ध गराइनेछ ।
- तरकारी बालीले ढाकेको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व बढाई गाउँपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउने तर्फ उन्मुख गरिनेछ ।
- कृषकहरुलाई तरकारी बालीको व्यवसायिकतामा आकर्षित गरिनेछ ।

**१२.९.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

कृषकहरुलाई सार्वजनिक सूचना प्रवाह गरि माग संकलन गरिनेछ । कृषकहरुको मागको आधारमा सिफारिस भएका तथा प्रचलित तरकारी बालीका वर्णशंकर तथा उन्नत जातका, स्वस्थ

बिरुवा/बेर्ना/बिउविजन गाउँपालिकाले उपलब्ध गराउने छ । तरकारी खेति गर्न आवश्यक पर्ने प्लाष्टिक घरको प्लाष्टिक सिट, कृषि चुन, जैविक मल, विषादी, मल्चिङ सिट समेत कम्तिमा ७५% अनुदानमा उपलब्ध गराउन सक्नेछ ।

**१२.९.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

- ✓ तरकारी बालीका वर्णशंकर तथा उन्नत जातका , स्वस्थ बिरुवा/बेर्ना/बिउविजन, प्लाष्टिक घरको प्लाष्टिक सिट, कृषि चुन, जैविक मल, विषादी, मल्चिङ सिट आदि गाउँपालिकाले पुर्णअनुदान तथा कृषक लागत साझेदारीसहित कृषकहरुलाई वितरण गर्न सक्नेछ ।
- ✓ सामाग्रीको लागत अनुमान स्वीकृत गाउँपालिकाको दर रेट अनुसार गर्नुपर्नेछ ।

हलेसीतुवाचुङ राजपत्र

## १३.बाली संरक्षण कार्यक्रम

### आई.पि.एम.कार्यक्रम

### १३.१ कृषक पाठशाला कार्यक्रम/आई.पि.एम. कृषक पाठशाला/जल तथा बाली व्यवस्थापन कृषक पाठशाला/आई.पि.एन.एस. कृषक पाठशाला

#### १३.१.१.परिचय/पृष्ठभूमिः

एकीकृत शत्रुजीव व्यवस्थापनको चार सिद्धान्त अनुरुप वातावरणीय सन्तुलन कायम राखी रोग, कीरा तथा झारपात जस्ता बाली शत्रुहरुको व्यवस्थापन प्रविधिबारे निर्णय लिन सक्ने क्षमता कृषकहरुमा विकास गर्ने उद्देश्यले Seasonal वर्ष भरी नै वा कुनै एक बालीमा बाली अवधिभरको आई.पि.एम. कृषक पाठशाला कार्यक्रम सञ्चालन हुनेछ । उक्त कार्यक्रम स्थलगत कृषक अन्तरकृया गोष्ठी, स्थलगत तालिम सञ्चालन, आई.पि.एम. कृषक पाठशाला दिवस जस्ता कार्यक्रमहरु समावेश गरी सम्पन्न हुनेछ । आधुनिक कृषि प्रविधि प्रसार गर्न सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूहलाई नै आधार बनाई बाली अवधिभर कृषक पाठशालाको रुप दिई यिनीहरुकै माध्यमबाट आइ.पि.एम. प्रविधिलाई व्यावहारिक, प्रयोगात्मक तथा खोजपूर्ण सिकाईको विकास गर्दै स्थलगत रुपमा कार्यक्रम सञ्चालन हुनेछ।

#### १३.१.२ कार्यक्रमको उद्देश्यः

कृषिमा प्रमाणित भएका उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले कृषकहरुमा र अन्ततोगत्वा कृषकबाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयंलाई आ–आफ्नो खेतबारीमा कृषि पर्यावरण विश्लेषण (AgroEcosystem Analysis) गराई बाली संरक्षण गर्दा दिगो रुपमा पर्यावरणलाई जोगाई कृषि उत्पादनमा वृद्धि ल्याई खाद्य सुरक्षामा सहयोग गरी कृषक स्वयंलाई दक्ष बनाउनु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

#### १३.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

कृषक पाठशाला सञ्चालन गर्नु अगाडि आई.पि.एम्. सहजकर्ता (IPM Facilitator) / आई.पि.एम. कृषक सहजकर्ता (IPM Farmer Facilitator), जनप्रतिनिधि, सेवा केन्द्र प्रमुख, शाखा प्रमुख समेत स्थलमा गई गा.पा. भित्रका समूह, अगुवा कृषक, सकृय कृषकहरुको समेत सहभागिता हुने गरी २५ जनाको कृषक समूह छनोट गर्न २ पटक अन्तर्कृया गोष्ठी गर्नु पर्नेछ ।

तुलनात्मक अध्ययन तथा परिक्षणहरु सञ्चालन गर्न करिब ५०-१००० वर्ग मिटर जग्गा/खेतबारीको छनोट गर्न कृषकहरु जम्मा भई छलफल गरी स्थानको निर्धारण हुनेछ । १ वषर्भरी बढिमा ३ बालीमा वा कुनै एक बालीमा बाली अविधभर कृषक समूहले निर्धारण गरेको हप्ताको एक दिन विहान ७ वजे देखि १२ बजे सम्म अध्ययन र तालिम सञ्चालन हुनेछ । हरेक बालीमा, बाली निभत्र्याउँदै अन्य कृषकहमा यस प्रविधिको विस्तार गर्ने उद्देश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थलमा भ्रमण, स्थल निरीक्षण, सांस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउँदा तथा अन्तिम बाली पछिको कृषक दिवसमा सहभागी कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह सञ्चालन हुनेछ ।

आई.पि.एम. कार्यक्रमलाई कृषक स्तरमा पुर्याई निरन्तरता र दिगोपन दिन अर्को वर्ष देखि अनुसरण (Followup) कार्यक्रम सञ्चालन गर्न र यसको लागि कृषक र विज्ञान (Farmer & Science) कार्यक्रम, पोष्ट हार्भेष्ट प्रविधि सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

### १३.१.४ कार्यक्रमको आर्थिक पक्ष/नर्मसः

| कृषक पाठशाला सञ्चालन लागत अनुमान तेरिज | | | | |
|---|---|---|---|---|
| क्र.स. | कृयाकलापहरु | सहभागी संख्या | दर रू. | जम्मा रकम |
| १ | स्थलगत कृषक अन्तर्कृया गोष्ठी (२ पटक) - आई.पि.एम को महत्व, बाली पात्रो र आधारभुत तथ्याङ्क संकलन, समुहको महत्व, लैङ्गिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्ययोजनाको तयारी | | | |
| क | पहिलो पटक अन्तर्कृया गोष्ठी गर्न- चियापान खर्च | ५०-१०० | १०० | ५०-१०००० |
| ख | दोस्रो पटक अन्तर्कृया गोष्ठी गर्न- चियापान खर्च | ५०-१०० | १०० | ५०-१०००० |
| ग | २ पटकको गोष्ठी कार्यकर्मको लागि चाहिने रजिष्टर, कपी,स्केल, डटपेन, सिसाकलम, मार्कर, चार्ट पेपर, मास्किङ टेप आदि | ३० | एकमुष्ठ | ५०-१०००० |
| घ | अन्तर्कृया गोष्ठी गर्न प्रशिक्षक भत्ता- २ पटक | ४ | १००० | ४००० |
| | यातायात वापतको खर्च | ४ | २०० | ८०० |
| २ | पहिलो बालीको लागि IPM FFS सञ्चालन गर्न<br>पहिलो बालीको लागि IPM FFS सञ्चालन गर्न १ दिने PLANNING गोष्ठी गर्न | | | |
| क | खाजा खर्च (२५ जना कृषक र २ जना प्रशिक्षक) | २७ | १०० | २७०० |
| ख | अन्तर्कृया गोष्ठी गर्न प्रशिक्षक भत्ता- १ पटक | २ | १००० | २००० |
| | यातायात वापतको खर्च | २ | २०० | ४०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | पहिलो बालीको लागि स्थलगत कृषक पाठशाला सञ्चालन गर्न | | | |
| क | खाजा खर्च (२५ जना कृषक र २ जना प्रशिक्षक) - १६ पटक | ४३२ | १०० | ४३२०० |
| ख | पाठशाला सञ्चालनको लागि विउविजन, बेर्ना, कम्पोष्ट मल, मलखाद, सिँचाई, बोर्ड तथा अन्य सामाग्रीहरु, प्लाष्टिक ड्रम, साईन बोर्डहरु, विषादी, जैविक विषादी, सुक्ष्म खाद्यतत्वहरु, हर्मोनहरु, पेग, स्केल ठुलो, रंगिन कलम, ब्राउन पेपर, गमला, पोलिथिन ब्याग, जाली कपडा, मार्कर, फोटोकपी पेपर, मास्किङ टेप, गम, भाइल, पेग आदि । | | एकमुष्ठ | १५०००० |
| ग | प्रशिक्षक भत्ता- १६ पटक | ३२ | १००० | ३२००० |
| | यातायात वापतको खर्च | ३२ | २०० | ६४०० |
| ४ | पहिलो बालीको लागि कृषक दिवस सञ्चालन गर्न | | | |
| क | आमन्त्रित जनप्रतिनिधि, जिल्लास्तरिय कार्यालय प्रमुख, सहभागी तथा अन्य कृषकहरु चियापान खर्च | ७५ | १०० | ७५०-१००० |
| ख | कार्यक्रम व्यवस्थापन खर्च | | एकमुष्ठ | ५०-१०००० |
| ग | प्रशिक्षक भत्ता- १ पटक | २ | १००० | २००० |
| | यातायात वापतको खर्च | २ | २०० | ४०० |
| ५ | प्राविधिक प्रतिवेदन तयार गर्न | | | २००० |
| | जम्मा | | | १३८४०० |

**१३.२ गोठे मलमूत्र तयार गर्ने प्रविधि (भकारो सुधार प्रदशर्न) कायर्क्रमः**

**१३.२.१ परिचय/पृष्ठभूमिः**

यस कार्यक्रममा गहुँत संकलन टयाङ्की निर्माण गरी यसको संकलन तथा संरक्षण गरिन्छ । गहुँतलाई बालीमा सोझै प्रयोग गर्न तथा भकारोमा मिसाई गोठेमलको गुणस्तर बढाउने कार्य गरिन्छ । भकारोबाट गहुँत मिसाउनको अलावा गोठेमलबाट प्रमुख खाद्यतत्व मध्येको नाइट्रोजन तत्व चुहावट हुन नदिनको लागि छापो दिने, मल तर्काउने गरिन्छ । यस अन्तर्गत वस्तुभाउको लागि गोठ बनाउँदा मुत्र नचुहिने अर्थात चुहिएर खेर नजाने खालको बनाउन कृषकलाई प्रेरित गरिनेछ ।

स्थानीय स्तरमा पाउने ढुंगा, छपनी आदि प्रयोग गरी कृषकको सहभागितामा गहुँत बग्ने खालको गोठको भूईं निर्माणमा जोड हुनेछ साथै बगेको गहुँतलाई नाली मार्फत संकलन टयाङ्किमा जम्मा गर्न टयाङ्क र नालीको व्यवस्था गर्न उत्प्रेरित गरिनेछ ।

**१३.२.२ कार्यक्रमको उद्देश्यः**

गोठबाट गोबर तथा गहुँतलाई संरक्षण गरी गहुँतलाई सोझै बालीमा प्रयोग गर्न तथा गोठेमलको रुपमा प्रयोगमा ल्याई मलको गुणस्तर बढाउने ।

**१३.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

**प्राविधिक मापदण्डः-**

- मुत्र संकलनको लागि गोठ सुधार (इटा, ढुंगा, वालुवा, सिमेण्ट, ड्रम आदि)
- गोठेमल खाडल/थुप्रो माथि छहारीको व्यवस्था ज्यामी
- साईनवोर्ड २.५ फिट लम्बाइ २ फिट चौडाइ

**१३.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः**

- प्रत्येक आयोजनालाई रु. १५०००/- को दरले अनुदान सहयोग रकम वा सो बराबरको सामाग्रीहरु अनुदानमा उपलब्ध हुनेछ ।
- कार्यक्रम स्वीकृत दर रेट अनुसार सञ्चालन गरिनेछ ।

**१३.४ आकस्मिक बाली संरक्षण कार्यक्रम**

**१३.४.१ परिचय/पृष्ठभूमिः**

कृषकहरुले लगाएको बालीहरुमा विभिन्न रोग, किरा तथा अन्य शत्रुहरुले सताईरहेका हुन्छन् । जसको कारणबाट कृषकहरुले लगाएको बालीमा क्षति पुर्याएर उत्पादमा ह्रास ल्याउने,रोगी, किराले खाएका बालीहरु सजिलै बजारमा बिक्रि नहुने हुँदा व्यवसाय घाटामा गई कृषकहरुलाई कृषि कर्म प्रति वितृष्णा उत्पन्न हुने हुन्छ यिनिहरुले लगाएको बालीमा केहि प्रतिशत देखि पुर्ण रुपमा क्षति पुग्न गई सम्पूर्ण नोक्सान व्यहोर्नुपर्ने सम्म हुन जान्छ ।कृषकहरुमा रोग किरा तथा तिनिहरुको उचित नियन्त्रणको तौरतरिका थाहा नहुनु, विषादीको बारेमा पर्याप्त ज्ञान नहुनु, खुद्रा विषादी विक्रेताले पनि सेवाभाव भन्दा पनि व्यवसायिक उद्देश्य राखी जथाभावी विषादी विक्रिवितरण गर्नु आदि कारणले कृषकहरुलाई समस्यामा पार्दै आईरहेको अवस्था छ ।अहिलेको अवस्थामा प्रकोपको रुपमा देखिएका फौजी किरा, सलह जस्ता विनाशकारी किरा तथा वर्षेनी देखिने अन्य रोग किराका समस्याहरुले गर्दा कृषक थलिएका छन् ।

कृषकहरुको खेतबारीमा देखिएका हानिकारक रोग, किरा तथा शत्रुहरुलाई नियन्त्रण गर्ने उद्देश्य राखी पुर्ण अनुदानमा सिफारिस भएका विषादीहरुको वितरण, सहि प्राविधिक ज्ञान प्रदान गर्न यो कार्यक्रम संचालन गरिने छ ।कृषकहरुलाई विषादी मात्र वितरण गरेर हैन कि सो को प्रयोग गर्ने उचित समय, तरिकाको बारेमा जानकारी गराउन सकियो भने मात्र तयसको सहि सदुपयोग भई कृषकहरुको बाली जोगिन्छ भन्ने उद्देश्यले यो कार्यक्रम संचालन हुनेछ ।

**१३.४.२ कार्यक्रमको उद्देश्यः**

कृषकहरुको खेतबारीमा देखिएका हानिकारक रोग, किरा तथा शत्रुहरुलाई नियन्त्रण गर्ने ।

कृषकहरुलाई रोग किराहरुको बारेमा जानकारी दिई सहि समयमा, सहि विधिबाट नियन्त्रण गर्न सचेत गराउने

**१३.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

कृषकहरुले आफना खेतबारीमा देखिएका समस्याहरुको नमुना, फोटो वा समस्याहरुको विवरणको आधारमा अथवा स्थलगत निरिक्षण गर्नुपर्ने अवस्था देखिएमा सो पश्चात् कृषकहरुलाई नेपाल सरकारले सिफारिस गरेका विषादी पुर्ण अनुदानमा उपलब्ध गराउन सकिनेछ । साथै सो समस्यामा प्रयोग हुने विषादी उपलब्ध हुन कृषि विकास शाखामा उपलब्ध हुन नसकेको अवस्थामा कृषकलाई खरिद गरि प्रयोग गर्नको लागि सिफारिस दिईनेछ ।

**१३.४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

- ✓ अनि आवश्यक विषादीहरु कृषि विकास शाखामार्फत कृषकहरुलाई पुर्ण अनुदानमा वितरण गरिने छ ।
- ✓ सामाग्रीको लागत अनुमान स्वीकृत गाउँपालिकाको दर रेट अनुसार गर्नुपर्नेछ ।

## १४. माटो परिक्षण शिविर संचालन कार्यक्रम

### १४.१ पृष्ठभूमीः

विभिन्न वालीवस्तुहरु लगाउने माटोमा रहेका खाद्य तत्वहरु, अम्लिय तथा क्षारियपना, प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरुको आवश्यकता अनुरुप खाद्यतत्व आपूर्ति गर्न स्थलगत रुपमा कृषकहरुको खेतवारीको माटो परिक्षण सेवा उपलब्ध गराउन आवश्यक देखी गाउँपालिकाको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप यो कार्यक्रम तयार गरिएको छ ।

### १४.२. उद्धेश्यः

(१) माटोमा रहेका बिरुवाको खाद्यतत्व पहिचान,सम्वद्ध समस्याहरुको समाधान, प्राङ्गारिक श्रोतको प्रवर्द्धन गरी माटोको उर्वराशक्ति ब्यवस्थापन, बिरुवाको विकास र वृद्धिमा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउने ।

(२) कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु

(३) स्थलगत रुपमा माटो विश्लेषण गरी ब्यवस्थापन सम्बन्धि प्रविधि सिफारिस गर्नु ।

### १४.३ कार्यक्रम संञ्चालन प्रकृया

**यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कृयाकलापहरु संचालन गरिने छ।**

- माटो परीक्षण शिविर सम्वन्धी तालिम/अन्तरकृया
- माटो परीक्षण (बढीमा १०० वटा नमूना)

- विरुवालाई चाहिने खाद्यतत्व, कृषि चुन तथा प्राङ्गारिक मल व्यवस्थापन

**१४.४. कार्यक्रम संचालन विधि**

(१)गाउँपालिकाले सम्वन्धित वडाहरु सँग समन्वय गरी कृषकहरुलाई कार्यक्रमबारे जानकारी गराई व्यवस्थापन गर्नुपर्दछ । साथै कार्यक्रम स्थल छनौट गर्दा कृषि चुन प्रयोग गर्न उत्साहित कृषक रहेको क्षेत्र छनौट गर्नु पर्नेछ । प्रति शिविर बढीमा १०० माटो नमूना परिक्षण गर्ने गरी शिविर संचालन गर्नु पर्नेछ ।

(२) माटो परिक्षण शिविरको संचालन गाउँपालिकाले गर्नेछ । आवश्यक रहेमा प्रदेश सरकार मातहतको माटो तथा मल परीक्षण प्रयोगशालासँग समन्वय गर्न सक्नेछ ।

(३) स्थानियस्तरमा कृषकहरुलाई माटो व्यवस्थापन तालिमसँग आवद्ध गरी माटो परीक्षण शिविर संचालन गर्नु पर्ने छ ।

(४) माटो परीक्षण शिविर संचालन गर्न देहाय अनुसारको तरिका अपनाउन सकिनेछ ।

क) किटबक्स माटो शिविरः- यस तरिकामा किटबक्सको सहयताले सडक संजालको व्यवस्था भए वा नभएका स्थानमा किटबक्स माटो शिविर संचालन गरिनेछ ।साथै गाउँपालिकाको माटो तथा मल परिक्षण ल्यावमा वडास्तरबाट संकलन गरेका नमुनाहरु लगेर परिक्षण गर्न सकिनेछ ।

(५) माटो शिविर प्राविधिक मापदण्ड

- माटो परीक्षण शिविर संचालन २ दिन
- पहिलो र दोश्रो दिन माटो परिक्षण (१०० वटा नमूना)
- दोश्रो तेस्रो दिन माटो परिक्षण शिविर अन्तरकृया

(६) माटो शिविर संलग्न प्रतिवेदन अनुसार शिविरमा माटो जाँच गराउने सवै किसानहरुलाई अनुदानमा कृषि चुन वितरण हुनेछ ।यसका लागि उपलब्ध वजेट सिमा, सिफारीस P^H मानलाई मध्यनजर गर्दै कृषि चुन वितरण कार्यक्रमका आधार तय गरी कार्यक्रम कार्यन्वयन गर्न सक्नेछ ।

**१४.५. माटो शिविर संचालनको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।**

(१) माटो शिविर संचालन गर्दा देहाय अनुसार प्रति शिविर अधिकतम रु एक लाख रुपैंया सम्म खर्च गर्न सकिनेछ ।

**क) किटबक्स बाट माटो परिक्षण शिविर संचालन**

स्थानीय राजपत्र

| क.सं. | कार्यक्रम/क्रियाकलापविवरण | जम्मा |
|---|---|---|
| १ | रसायन खरिद तथा तयारी (रि-एजेन्ट ५०-१०० नमूनाको लागि) | १०,०००/- |
| ३ | प्रतिवेदन तयार | १,५००/ |
| ४ | प्राविधिक दैनिक भ्रमण खर्च (सवारी चालक सहित ५ जना सम्मलाई अधिकतम ५ दिन) | भ्रमण खर्च नियामावली, २०६४ अनुसार |
| ५ | व्यवस्थापन खर्च (व्यानर,चिया खाजा,स्टेशनरी आदी) एकमुष्ठ | १००००/ |
| ६ | ८५ देखि शत प्रतिशत अनुदानमा कृषि चुन खरिद, ढुवानी तथा वितरण (अधिकतम रकम) | उपलब्ध बजेट परिधि भित्र मागमा आधारित |
| ७ | तालिम/गोष्ठी कार्यक्रम | तालिम/गोष्ठी कार्यक्रमको कार्यविधि बमोजिम |

**१४.६. माटो शिविर संचालन प्रतिवेदनः-**

(१) माटो शिविर संचालन गर्दा प्राप्त भएका माटोको नमूनाको नाम, ठेगाना तथा माटो जाँचको परिणाम, सिफारिस सहित संलग्न प्रतिवेदन तयार गरी राख्नुपर्नेछ ।

(२) गाउँपालिकाले एउटा आर्थिक वर्षमा माटो शिविर संचालन गरेका स्थानहरुमा अर्को आर्थिक वर्षमा माटोको केही नमूना लिई माटोको सूधार अवस्था अध्ययन गर्ने कार्यहरु सालवसाली रुपमा प्रस्ताव गरी संचालनमा ल्याउनु पर्नेछ ।

**१४.७. अनुगमन तथा मूल्यांकनः**

(१) गाउँपालिकाले संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) गाउँपालिकाले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

**१४.८. प्रचलित कानून बमोजिम हुनेः-** यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

## १५. प्राङ्गारीक मल तथा विषादी उत्पादन कार्यक्रम

**१५.१ उदेश्यः** गुणस्तरीय प्राङ्गारीक मल तथा जैविक विषादी प्रयोग अभिवृद्धी गर्दै असन्तुलित रसायनिक मल तथा विषादीको प्रयोगबाट हुने नकारात्मक प्रभावलाई कम गर्दै माटोको उर्बराशक्ती कायमराखी प्राङ्गारीक उत्पादन र उत्पादकत्व वृद्धी गराउन

**१५.२ अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः-** कृषक समहु/कृषि सहकारी/जल उपभोक्ता समिति

**१५.३ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः-**

क. संस्था/समुह दर्ता तथा नविकरणको प्रमाणित प्रतिलिपी

ख. समुहको बैठकको प्रमाणित प्रतिलिपी

ग. संस्थाको पान वा भ्याट प्रमाणपत्रको प्रतिलिपी

घ. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

ङ. सहकारी संस्थाको हकमा गत करचुक्ताको प्रतिलिपी

च. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

छ. कार्ययोजना

**१५.४ कार्यक्रम संञ्चालन प्रकृया**

- गाउँपालिकाले कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान गरि सूचना प्रकाशन गर्नेछ।
- रीतपूर्वक दर्ता भएका प्रस्ताव उपर स्थलगत अनुगमन पश्चात अनुगमन तथा मूल्याङ्कन समितीले प्रस्ताव छनौट गर्नेछ।
- छनौट भएका समुह सहकारी तथा कृषक सहुहहरुसँग प्राविधिक लागत अनुमात तयार गरि सम्झौता गर्नेछ।कार्यक्रम सम्झौता पश्चात लाभग्राहीहरुले सोही आ.व. मा काम सम्पन्न गर्नुपर्नेछ।

**१५.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

| क्र.स. | विवरण | स्पेशिफिकेशन | गाउँपालिकाको अनुदान | अनुदानग्राहीको साझेदारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | भर्मिकम्पोष्ट मल बनाउन | - प्राविधिक लागत ईस्टिमेट | ७५ प्रतिशत | २५ प्रतिशत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भर्मिसेट निर्माण गड्यौला खरीद सहित | बमोजिमको भर्मिसेड - प्रति भर्मिसेड १००० संख्यामा ईलुसिना फोटिडा जातको गड्यौला | | | |
| २ | कम्पोष्ट मल वा गहुत संकलन र भकारो सुधार गर्न | प्राविधिक लागत ईस्टिमेट बमोजिम | ७५ प्रतिशत | २५ प्रतिशत | |
| ३ | घरेलु विधिबाट जैविक वा वानस्पतिक विषादी वा झोलमोल उत्पादन गर्ने सामाग्री | - प्लास्टिकको ड्रम २०० लिटर | ७५ प्रतिशत | २५ प्रतिशत | |
| ४ | सिचाई | थोपा सिचाँई,स्प्रिकल, प्लास्टिक पोखरी | ८५ प्रतिशत | १५ प्रतिशत | |
| ५ | तालिम/अभिमुखिकरण | घरेलु विधिबाट जैविक वा वानस्पतिक विषादी तथा प्राङ्गारीक मल विषेयक | १०० प्रतिशत | - | |
| ६ | कृषि औजार उपकरण | | ७५ प्रतिशत | २५ प्रतिशत | |
| ७ | होर्डिङ्ग बोर्ड निर्माण | | ७५ प्रतिशत | २५ प्रतिशत | |
| ८ | उत्पादित मल/विषादीको बजारीकरण | प्याकेजिङ ब्याग खरीद, लेभलिङ, छपाई आदी | ७५ प्रतिशत | २५ प्रतिशत | |

हलुवाशिस्य

अनुसुचि-१

## कृषक समुहको विधानको नमूना

**प्रस्तावना**

कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन, उत्पादन सामाग्री सुलभ बनाउन उत्पादित सामाग्रीको बिक्रि वितरण, भन्डारण व्यवस्थापन गरी उन्नत विउ एवं आयवृद्धि, बचत संकलनबाट आत्मनिर्भर हुनको लागि हतुवागढी गाउँपालिकाको कार्यालयको सहयोगमा श्री .................... कृषक समुह गठन गरियो ।

**१. प्रारम्भिकः**

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

क) यस समुहको नाम "श्री ...................... कृषक समुह, २०७५ रहने छ ।

ख) यो विधान हतुवागढी गाउँपालिकाको कार्यालयमा कृषि दर्ता भएपछि तुरुन्त लागू हुनेछ ।

**१.२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

क) समुह भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्धारा कृषि उपजको उत्पादन, उत्पादकत्व बढाई आयआर्जनमा संलग्न कृषकहरुको समुहलाई जनाउने छ ।

ख) सदस्य भन्नाले कृषक जो................ कृषक समुहको उद्देश्य अनुसार उत्पादन, उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको हुन्छ लाइ जनाउनेछ ।

ग) कार्य समिति भन्नाले "विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

घ) साधारण सभा भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ ।

**१.३ समुहको छापः**

हतुवागढीको लोगो अंकित गोलो घेराभित्र यस समुहको नाम,ठेगाना "श्री ............... कृषक समुह, .......... साल हुनेछ ।

**१.४ समुहको कार्यालयः**

यस समुहको कार्यालय भोजपुर जिल्ला हतुवागढी गा.पा. वडा नं. .......... मा रहनेछ ।

**१.५ समुहको दर्ताः**

हतुवागढी राजपत्र

कृषक समुह गाउँपालिकाको कार्यालयमा दर्ता गर्नुपर्नेछ । साथै अनिवार्यरुपमा आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरि स्थाई लेखा नम्बर (PAN) लिनुपर्नेछ ।

**२.उद्देश्य र कार्यः**

**२.१ उद्देश्य**

**समुहको मुख्य उद्देश्य देहाय अनुसार हुनेछ ।**

क) कृषि व्यवसायलाई आधुनिकिकरण एवं विविधिकरण गरि उत्पादकत्व, उत्पादन वृद्धिका लागि एक जुट भई काम गर्ने ।

ख) सदस्यहरुको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने ।

ग) सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययितताको भावनाको विकास गर्ने ।

समुहको विधानको बुंदा २.१ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समुहले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

१. उन्नत प्रविधिबाट खेति गरि उत्पादन एवं उत्पादकत्व बढाउने
२. विज वृद्धि गरि आत्मनिर्भर हुने
३. उन्नत प्रविधि अपनाउने
४. कृषि उत्पादनबाट आयवृद्धि गर्ने
५. समुहमार्फत बजार व्यवस्थापन गर्ने
६. कृषकहरुद्धारा उत्पादित वस्तुको बजार मुल्यमा एकरुपता ल्याउने
७. उचित भण्डारणको नविनतम् प्रविधि अवलम्वन गर्ने ।
८. सदस्यहरुको सिप विकासका लागि कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गर्ने ।
९. समुहको वार्षिक कृषि योजना तयार गरि लागू गर्ने
१०.वार्षिक बाली पात्रो बनाई सोहि अनुसार सामुहिक खेति गर्ने, विक्रिवितरण र भण्डारण गर्ने ।
११. सघन कृषि विकास कार्यक्रम, पकेट प्याकेज कार्यक्रम लगायतका कृषि विकासका कार्यक्रमलाई सघाउ पुर्याउने ।
१२. हितकोष संकलन, परिचालन, सदस्यहरुलाई ऋृण सेवा उपलब्ध गराउने ।
१३. अन्य कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**३.सदस्यता**

एउटै उद्देश्य, समान आर्थिक अवस्था भएका र यस समुहको विधानको परिधिभित्र रहने इच्छा भएका व्यक्तिहरु समुहको सदस्य हुने छन् ।

**३.१ सदस्यको लागि योग्यता**

क) आफैं खेतीपाती गरेको/गर्न सक्षम भएको ।
ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको ।
ग) समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको ।
घ) कृषक–कृषक बीच आपसी सहयोग बढाउन ईच्छुक भएको ।
ङ) सदस्यताको लागि १८ वर्ष उमेर पुगेको हुनुपर्ने छ ।

**३.२ साधारण सदस्य :**

सदस्यता शुल्क रु. ..... तिरी साधारण सदस्यताको निवेदन दिई कार्य समितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्ने छ । यस्तो सदस्यले मासिक बचत रु. ...... प्रत्येक महिना जम्मा गर्नुपर्नेछ । समूह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मितिसम्म संचित हितकोष र सोको व्याज साथै नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

**३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)**

कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहराइ सदस्यता समाप्त गर्न सक्नेछ ।

क) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकम ३ महिना सम्म नतिरेमा ।
ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निष्काशन गरेमा ।
ग) सदस्यताबाट राजीनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर गरेमा)
घ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा ।
ङ) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा ।
च) मृत्यु भएमा ।
छ) समूहको सिद्धान्त वा प्रतिष्ठामा आचँ आउने कार्य गरेमा ।
ज) कानुन विपरित कार्य गरेमा ।

**४. साधारण सभा तथा कार्य समिति**

**४.१ साधारण सभाः**

यस समूहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुने छन् यो समूहको उच्चतम निकाय हुनेछ । यसले विधान पारित एवं संशोधन गर्न सक्ने छ । साधारण सभा वर्षमा एक पटक बस्नेछ तर आवस्यक्ता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिने छ ।

**४.२ साधारण सभाको अधिवेशनः**

कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

**४.३ साधारण सभाको काम, कर्तव्य र अधिकार :**

क) कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।
ख) विधान संशोधन गर्ने ।
ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।
घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
ङ) समूहको वार्षिक कार्य योजना बनाउने ।
च) समूहले कार्य योजना बनाउँदा कम्तिमा ६० प्रतिशत कृषि कार्यक्रम बनाउने ।
छ) कानुनले तोके बमोजिम अन्य कार्य गर्ने ।

**४.४ साधारण सभाको गणपूरक संख्याः**

समूहको साधारण सभाको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्यहरुको उपिस्थितमा हुनु पर्नेछ । तोकिएको संख्यामा उपस्थिति नभए ७ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सदस्यको ३३ प्रतिशत उपिस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

**४.५ कार्य समिति गठन विधि :**

क) कार्य समिति ७ देखि ११ सदस्य हुनेछ ।
ख) कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य हुने छन् । आवस्यकता अनुसार उपाध्यक्ष तथा सह-सचिवको पनि व्यवस्था गर्न सकिने छ ।
ग) कार्य समितिका पदाधिकारीहको नियमित बैठक हरेक महिनाको ...............गते/दिन हुनेछ । तर आवस्यकता भए जुनसुकै समयमा पनि बस्न सक्ने छ ।
घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।

ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

च) कार्य समितिको गणपुरक संख्या २/३ लाई मानिनेछ तथा निर्णय बहुमतद्धारा हुनेछ ।

छ) साधारण सभाका सदस्यहरुले आफुमध्येबाट निर्वाचन प्रकृयाद्धारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहको चयन गरि कार्य समिति गठन गर्नेछ तर अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनु पर्दछ ।

**४.६ कार्य समितिको काम, कर्तव्य र अधिकार :**

क) विधानको परिधि भित्र रही, समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशनलाई पालन गर्ने ।

ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको कृयाकलाप संचालन गर्ने ।

ग) सरकारी तथा गैरसरकारी संस्थाहरु सँग सम्पर्क वृद्धि गर्ने तथा कृषि सम्बन्धी अन्य सघं संस्थाहरु सँग सम्पर्क गरि बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

घ) सहकारीमा जाने प्रयास गर्ने ।

ङ) समूहको कार्ययोजना बनाई लागु गर्ने ।

च) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

छ) अन्य तोकिए बमोजिम कार्य गर्ने ।

**४.७ समूहको बैठक :**

समूहको नियमित बैठक प्रत्येक महिनाको ........ गते बस्ने छ ।समूहको बैठक कार्य समितिले निधो गरेको स्थान, समय र मितिमा नियमित रुपमा बस्ने छ ।पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनुपर्नेछ।लगातार तीन बैठकमा अनुपस्थित हुने सदस्यलाई समूहको सहमतिको आधारमा निष्कासित गरिनेछ ।

**६. पदाधिकारीको काम, कर्तव्य र अधिकार**

**५.१ अध्यक्षको काम, कर्तव्य र अधिकारः**

- आवस्यकता अनुसार समूहको बैठक र साधारणसभा बोलाउने ।
- बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- समूहलाई कृयाशील गराउने र उद्देश्य प्राप्तिका लागि आवस्यक कार्य गर्ने ।
- कुनै विषयमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।
- विधानमा तोकिए अनुसार साधारण सदस्यले मांग गरे अनुरुप विशेष साधारण सभा बोलाउने ।

- समूहले तोकेको काम कारबाही गर्ने ।
- समूहमा उठेका विवाद समाधान गर्ने ।
- समूह र स्थानीय तहको सम्बिन्धत निकायहसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।
- समूहको निणर्य, कार्यक्रम र कृयाकलाप, भएका कारवाही एवं समस्याहको अभिलेख राख्न सचिवलाई सहिजकरण गर्ने ।
- वार्षिक कार्ययोजनाको कार्यान्वयन एवं समूह परिचालनको नेतृत्व लिने ।
- समूह बैठकमा भएका निर्णय, वार्षिक साधारणसभा, समितिका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु आवस्यकता अनुसार सम्बिन्धत निकायमा पेश गर्ने ।
- समूह सदस्यहरुलाई आफ्ना समस्याहरुको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउने साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने ।
- सदस्यहलाई कृयाशिल गराई समन्वय र सहकार्य गर्ने ।
- समूह सदस्यहरुबीच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

**५.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

- अध्यक्षको कार्यमा सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।
- कार्य समितिले तोकेको कार्य गर्ने ।

**५.३ सचिवको काम, कर्तव्य र अधिकारः**

✓ अध्यक्षसंगको परामर्शमा बैठक बोलाउने ।
✓ बैठकको तयारी गर्ने ।
✓ समूहको निर्णय पुस्तिका तयार गर्ने ।
✓ समूहको सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने ।
✓ समूह बैठक एवं साधारणसभाबाट पारित निर्णयको कार्यान्वयनका लागि पहल गर्ने ।
✓ वार्षिक प्रतिवेदन तयार पारी साधारणसभामा पेश गर्ने ।
✓ समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने ।
✓ कार्य समितिले तोकेको कार्य गर्ने ।

**५.४ कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

- समूहको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने ।
- समूहको हितकोष व्यवस्थापन गर्ने ।
- समूहको सबै कोषको हिसाब किताब सुरिक्षत र दुरुस्त राख्ने ।
- समूहको चल, अचल सम्पूर्ण सम्पतिको सुरक्षाको जिम्मेवारी लिने ।

- समूहको वार्षिक बजेट तयार पार्न र साधारणसभामा वार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखापरिक्षण गराउने ।
- समूह अध्यक्ष वा सचिवसँग मिली खाता संचालन गर्ने।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**५.५ कार्य समिति सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

- आवस्यकता अनुसार समूहका अन्य उपसमितिमा रहि जिम्मेवारी बहन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**६. आर्थिक व्यवस्था**

**६.१ आर्थिक श्रोत :**

क) यस समूहको सदस्यहरुबाट उठेको सदस्यता शुल्क

ख) समूहको अन्य कृयाकलापबाट भएको आम्दानी

ग) समूहको सदस्यले बचत गर्ने मासिक रकम

घ) समूहबाट ऋण लगानी गर्दा उठेको व्याज

ङ) समूहले अन्य संघ/ संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ............ प्रतिशत लेबी रकम ।

च) समूह सदस्यले आफ्नो नामबाट गरेको बचत

छ) बिलम्ब शुल्कबाट प्राप्त रकम ।

ज) अन्य कानुन अनुसार प्राप्त हुने रकम ।

**६.२ हितकोष :**

क) श्री ..............................कृषक समूहको एक हितकोष हुने छ ।

ख) श्री ..............................बैंकमा समूहको खाता रहने छ ।

**६.३ हितकोष परिचालन :**

क) हितकोष रकमको कम्तीमा ५०-१०० प्रतिशत कृषि कार्यमा लगानी गर्नु पर्नेछ ।

ख) समूह सदस्यलाई आवस्यकता भएमा हितकोषबाट ऋण/ सापटी लिन सकिने छ।

ग) सदस्यले ऋण माग गर्न कार्यालयले तोकेको ढाँचामा निवेदन दिनुपर्ने छ ।

घ) कृषि कार्यको लागि लिइएको ऋणमा ........... प्रतिशत मासिक व्याज लाग्नेछ ।

ङ) अन्य ऋणमा ........ प्रतिशत मासिक व्याज लाग्ने छ ।

च) मासिक व्याज, मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनुपर्नेछ ।

छ) ऋण लिंदा ऋण रकमको ......... प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

ज) ...................बैंकमा समूहको अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

श्रोत/हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग (आवस्यक खर्च र आन्तिरक लगानी) मा विभाजन गर्न सकिन्छ।

**क)आवस्यक खर्चः**

आवस्यक खर्च भन्नाले समुहको कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउँदछ । जस्तै :-

- ✓ कार्यालय खर्च (कापी, कलम, बिल, भौचर, फाइल, रजिष्टर, खाता, पत्रपत्रिका)
- ✓ फर्निचर खर्च
- ✓ ढुवानी तथा घर भाडा
- ✓ अन्य संस्थासँग सदस्यता लिँदा तिर्नुपर्ने खर्च र वार्षिक नविकरण खर्च
- ✓ लेखा परिक्षण खर्च
- ✓ कर्मचारी पारिश्रमिक खर्च
- ✓ साधारण सभा खर्च
- ✓ विविध (समूहको बैठकमा चिया नास्ता आदि) ।

**ख) आन्तरिक लगानीः**

आन्तरिक लगानी भन्नाले समूह भित्रको सदस्य बीचको लगानी भन्ने जनाउँदछ । जस्तै :-

- ✓ उत्पादनमूलक कार्य (उत्पादन तथा उत्पादन सामाग्री खरिद-बिक्री)
- ✓ मल, बीउ, बाली संरक्षण, तरकारी बोट विरुवा किन्न र प्रयोग गर्न
- ✓ आयमुलक कार्य गर्न (फलफुल खेति, बंगुरपालन आदि)।
- ✓ घरेलु आयमुलक कार्य गर्न (स्थानीय सिप, रेशम पालन, सिलाई बुनाई, मौरी पालन, तरकारी खेती, करेसाबारी आदि)
- ✓ सामाजिक कार्य जस्तै :- सफाई अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निर्माण, स्वास्थ्य, महिला विकास, वातावरण संरक्षण आदि 
- ✓ सिप विकास जस्तै प्याकिङ, नसरी, तालिम
- ✓ बौद्धिक कार्य जस्तै तालिम, प्रवचन, भ्रमण गोष्ठी आदि ।
- ✓ पूँजी लगानी, कर्जा प्रवाह, शेयर खरिद आदि ।

**६.४ बिलम्ब शुल्क :**

क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु. ......बिलम्ब शुल्क लाग्नेछ ।

ख) दोस्रो महिना प्रति दिन रु. ...... बिलम्ब शुल्क लाग्ने छ ।
ग) तेस्रो महिना प्रति दिन रु............
घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।
ङ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र व्याज नबुझाएमा पहिलो महिना रु....... प्रति दिन दोस्रो महिना रु...... प्रति दिन र तेस्रो महिना रु...... प्रति दिन बिलम्ब शुल्क लाग्ने छ । चौथो महिना ऋण रकम तथा व्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।
च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्ने छैन ।
छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरीसकेपछि जमानी सदस्यले ऋण पाउन सक्ने छ ।
ज) ऋण लिएको सदस्यले अर्को सदस्यको जमानी बस्न पाउने छैन ।
झ) ऋण लिनको लागि .....सम्म एक सदस्यको जमानी ......सम्म दुई सदस्य र ....सम्मको अवधिको लागि तीन सदस्यको जमानी चाहिनेछ ।

**६.५ लगानीको सुरक्षणः**

कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९०% सम्म मात्र ऋण लिन पाउने छ ।यदि व्यक्तिको नाममा संकिलत हितकोषको ९०% भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य २ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिने छ ।ऋण लिने व्यक्तिले तिर्नुपर्ने साँवा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्यमार्फत असुल उपर गरिनेछ।यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचिलत नियमानुसार कारबाही प्रकृया अगाडी बढाईनेछ । ऋण लगानी एवं असुल उपर गर्न ऋण उप-समितिको स्वीकृति लिनुपर्ने छ ।ऋण उप-समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाईने छैन ।

**६.६ लेखा परिक्षण :**

प्रत्येक कृषक समूहले रजिष्टर्ड लेखा परिक्षण अनिवार्य रुपमा गराउनु पर्दछ । यसरी गरिएका लेखा परिक्षणहरु वार्षिक साधारणसभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नुपर्दछ । मुनाफा सम्पुर्ण सदस्यलाई प्रत्येक वर्षको लेखा परिक्षण पछि निजहरुको हिसाव खातामा जम्मा गर्नुपर्दछ ।

**७. विविध**

**७.१ निर्वाचन सम्बन्धी व्यवस्था :**

यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले एक स्वतन्त्र निर्वाचन अधिकृत १ सहित ३ सदस्य निर्वाचन समिति नियुक्त गर्नेछ ।निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्ने छ । यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्धारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

**७.२ पदावधि :-**

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुने छ।

ख) गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

ग) कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्धारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्ने छ ।

घ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पुर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिवलाई बुझाई सो को भरपाई लिन पर्नेछ । सो नगरेमा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नु पर्ने छ ।

**७.३ उम्मेदवारको अयोग्यता :-**

क) (व्यक्ति) जो कृषि पेशामा संलग्न छैन ।

ख) (व्यक्ति) जो कृषिको समूहमा छैन ।

ग) (व्यक्ति) जसले समूहको उद्देश्य विपरीत कार्य गर्दछ ।

घ) (व्यक्ति) जसको मानसिक अवस्था सामान्य छैन ।

ङ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

**७.४ अविश्वासको प्रस्ताव :-** साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुने छ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

**७.५ राजीनामा :-** यस समूहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन् । कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म तिनिहरु आफ्नो पदमा बहाली रही रहने छन् ।

**७.६ विधान संशोधन :-** समूहको विधान संशोधन गर्न आवस्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा विधान मस्यौदा पेश गरिने छ । सदस्यहरु मध्येका उपस्थित सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिने छ साथै संशोधित विधान हतुवागढी गाउँपालिकाबाट अनुमोदित नभएसम्म संशोधन भएको मानिने छैन ।

**७.७ नियम बनाउने :-** साधारण सभाले आन्तरिक सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

**७.८ उप–समितिहरु गठन गर्न सक्नेछ :-** साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृति लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूहको लक्ष्य र उद्देश्य पुरा गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

**७.९ विघटनः** समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा उद्देश्य पुरा गर्न असफल भए वा २ वषर्सम्म समूह नविकरण नभएमा समूह विघटन हुने छ । यसरी समूह विघटन भए बचत रकम सम्पुर्ण सदस्यलाई फिर्ता गर्नुपर्ने छ ।

**७.१० समूह छोड्नुपर्ने अवस्था/ सदस्यको मृत्यु/ सदस्यले पाएको अवसरः** कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोष रकमबाट ३% कट्टा गरि बाँकी रकम भुक्तानी दिईनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पुर्ण रकम निजको सवभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिइनेछ । समूहले कुनै पनि संघ/संस्था/ कार्यालयबाट पाएको कुनै पनि अवसर सामाग्रीहरु आवस्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

**७.११ समूहको चल अचल सम्पति :** समूह विघटन भए पश्चात समूहको चल अचल सम्पति हतुवागढी गाउँपालिकाको कार्यालयको निर्णय बमोजिम हुनेछ। उक्त निर्णय चित्त नबुझेको खण्डमा हतुवागढी गाउँपालिकाको न्यायीक समिति समक्ष निवेदन पेश गर्न सकिनेछ र सो सन्दर्भमा न्यायीक समितिको निर्णय नै अन्तिम हुनेछ ।

**अनुसुचि-२**

## कृषक समुह दर्ता फारम

१. दर्ता नं. :-
२. समुहको नामः-
३. समुहको किसिमः-
४. समुहको ठेगानाः-जिल्ला................ गा.पा..........................वडा नं. ........
५. गठन मितिः-
६. समुहको किसिमः महिला( ) पुरुष( ) मिश्रित( ) बाली विशेष( ) पशुपन्छीपालक ( )
७. जम्मा सदस्य संख्याः- महिलाः पुरुषः
८. गठन हुँदा समुहको उद्देश्यः-

हलुवागढी राजपत्र

**अनुसुचि-३**

## समुह दर्ताको लागि निवेदनको नमूना

श्री गाउँ कार्यपालिकाको कार्यालय
हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय
घोडेटर, भोजपूर

श्री...................... को सहयोगमा / हामी आफैं संगठित भई गठन भएको हाम्रो समुह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी सम्वन्धित वडा कार्यालयको सिफारिस, समूहको विधान र पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि सहित यो निवेदन गरिएको छ ।

तपशिल

**समुहको विवरण**

कृषक समुहको नाम...............................................स्थापना वर्ष..............
हतुवागढी गाउँपालिका वडा नं. ................ टोल ................... भोजपूर
समुहको उद्देश्य............................................... समुहको किसिम.............
सदस्य संख्याः पुरुष................ महिला................. जम्मा ........................

**पदाधिकारीहरुको विवरण**

| क्र.स. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | | | |
| २. | | उपाध्यक्ष | | | | | |
| ३. | | सचिव | | | | | |
| ४. | | कोषाध्यक्ष | | | | | |
| ५. | | सदस्य | | | | | |
| ६. | | सदस्य | | | | | |
| ७. | | सदस्य | | | | | |

नियमित बैठक बस्ने दिन.....................
प्रति महिना समुहको हितकोषमा जम्मा संकलन हुने रु. .......................
हालसम्म हितकोमा जम्मा रकम रु. ...............................

.......................
अध्यक्ष

हलुवागाढी राजपत्र

**अनुसुचि-४**

## कृषक समुह दर्ताको प्रमाणपत्रको नमुना

**हतुवागढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घोडेटर,भोजपूर**

**कोशी प्रदेश, नेपाल**

## कृषक समुह दर्ता प्रमाण-पत्र

समुह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले भोजपुर जिल्लाको यस हतुवागढी गाउँपालिका वडा नं. ........ मा मिति ............... मा गठित श्री ....................... कृषक समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता नं:
मिति:

.............................
प्रमुख प्रशासकीय अधिकृत

**नविकरण विवरण**

| क्र.स. | नविकरण मिति | | नविकरण दस्तुर रु. र.नं. | नविकरण गर्ने कार्यालय प्रमुख | कैफियत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

हतुवागढी राजपत्र

हेटौंडा राजपत्र

अनुसुचि-५

## समूह सदस्यताको लागि निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू,
...........................कृषक समूह........................... भोजपूर

महोदय,

म यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्ने इच्छा भएकोले नियमानुसार सदस्यता प्रदान गर्नु हुन विनम्र अनुरोध गर्दछु ।

**निवेदकको विवरण**

नामः–
बावुको नाम :–
ठेगाना :–
शैक्षिक योग्यता :–
कृषि पेशामा दखल :–
खेती/जग्गाको विवरण :–
लगाउने गरेको बालीहरु :–

**समूहको सदस्यताको सिफारिस गर्ने समूह सदस्यकोः–**

१) नाम :–
दस्तखत :–
२) नाम :–
दस्तखत :–

निवेदकको नाम :-
दस्तखत :-

हुलाकी राजपत्र

**अनुसुचि-६**

## ऋण माग फारामको नमुना

मिति :–

श्रीमान् अध्यक्ष ज्यू,
............................कृषक समूह............................ भोजपूर

विषय : ऋण उपलब्ध गराईदिने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मलाई ............................................ कामको लागि रकमको आवस्यकता परेकोले रु ................. अक्षरेपी .............................. मात्र समूह हितकोषबाट ऋण उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु । साथै यसै निवेदनको साथ जमानी सदस्यहरुको सिफारिस पेश गरेको छु । नियमानुसार ऋणको किस्ता, मासिक व्याज, मासिक बचत नियमत रुपले प्रत्येक महिना बुझाउने छु ।

निवेदकको नामः
दस्तखतः

**जमानी सदस्यहरु :**

दस्तखतः नाम, ठेगाना :–
दस्तखत : नाम ठेगाना :–
दस्तखत :– नाम ठेगाना :–

## समूह कायार्लय प्रयोजनको लागि

मांग भए बमोजिमको ऋण रु.................. (अक्षरेपी ................................मात्र) मासिक किस्ता रु.........................(अक्षरेपी ......................................मात्र)। उपलब्ध भएको मिति :– ............ उपलब्ध भएको चेक नं :– ................

कोषाध्यक्ष सचिव अध्यक्ष

नुवाकोट राजपत्र

अनुसुचि-७

**प्रस्ताव मूल्यांकनका आधारहरु**

| क्र.स. | आधारहरु | प्राप्ताङ्क | | | जम्मा अंकभार |
|---|---|---|---|---|---|
| | | अति राम्रो | राम्रो | सामान्य | |
| १ | प्रस्तावकको प्राविधिक पक्ष | २० | १५ | ९ | २० |
| २ | प्रस्तावकको लगानीमा सुनिश्चतता | १० | ५ | ३ | १० |
| ३ | अन्य पक्ष | २० | ११ | ५ | २० |
| ४ | उत्पादित कृषि उपजको बजारीकरण | १० | ५ | ३ | १० |
| ५ | भौतिक पुर्वाधार | २५ | १३ | ७ | २५ |
| ६ | सिचाँईको व्यवस्था | १५ | १० | ५ | १५ |
| कूल अंक | | | | | १०० |

हटुवागढी राजपत्र

अनुसुची — ८

## कार्यक्रम सम्झौता पत्रको नमूना

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय घोडेटार, भोजपुरको आ.व. ........ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम .......................... कार्यक्रम प्रयोजनार्थ मिति ............ मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार दर्ता भएका प्रस्ताव उपर यस कार्यालयको मिति ...................... गतेको निर्णायानुसार श्री ......................को प्रस्ताव छनौट भई **हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार , भोजपुर** (यसपछि प्रथम पक्ष भनिने) र **श्री ...........................**(यसपछि दोश्रोपक्ष भनिने) का बीच तपसिल बमोजिमका शर्तहरु पालना गर्नेगरी र कार्यक्रमको स्वीकृत लागत ईस्टिमेट अनुसारको क्रियाकलाप संचालन गर्न मञ्जुर गरी मिति ....................... गते यो सम्झौता गरिएको छ।

१. यो सम्झौता सम्झौताकारी दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५यो सम्झौताको अभिन्न अङ्ग मानिने छ।

३. दोस्रो पक्षले विगत ३ बर्ष भित्र संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका कुनै पनि निकायबाट अनुदान प्राप्त नगरेको स्व-घोषणा गलत ठहरिएमा यो सम्झौता खारेज गरिने छ ।

४. दोस्रो पक्षले प्रस्तावित गरेको व्यवसाय कम्तिमा ५ वर्ष निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ । निर्माण भएका संरचनाहरु र खरिद गरिएका यन्त्र उपकरणहरु अन्यत्र प्रयोग गर्न वा बिक्रि वितरण गर्न पाईने छैन ।

५. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका क्रियाकलापहरु सम्झौता भएको मितिले ७ (सात) दिन भित्र शुरु गर्नुपर्नेछ ।

६. दोश्रो पक्षले ........................ भित्रमा स्वीकृत लागत ईस्टिमेट बमोजिमको क्रियाकलापहरु सम्पन्न गरी भुक्तानीका लागि प्रथमपक्षसँग अनुरोध गर्नुपर्नेछ।

७. दोश्रो पक्षले ईष्टमेटमा उल्लेखित सम्पूर्ण काम सम्पन्न भएपछि भुक्तानीका लागि अनुरोध गर्दा वडा कार्यालयको सिफारिस, वीलविजक, कार्यसम्पन्न प्रतिवेदन (फोटो समेत) सहित भुक्तानीका लागि अनुरोध गर्नुपर्नेछ।

८. दोश्रो पक्षले कार्यक्रम सम्पन्न भएपछि स्थानीय जनप्रतिनिधी समेतको उपस्थितिमा सार्वजनिक सुनुवाई गरी सोको फोटो सहित माईन्युट गरी प्रतिलिपी पेश गर्नुपर्नेछ।

९. प्रथमपक्षले सम्पन्न भएको कामको स्थलगत निरीक्षण गरी तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत निरीक्षण मनासिव ठहरेमा विलको आधारमा नियमानुसार लाग्ने कर कट्टा गरी सम्बन्धित अनुदानग्राहीको बैंक खाता मार्फत् अनुदान रकम भुक्तानी गरिनेछ। सम्झौता बमोजिम दोश्रो पक्षले सन्तोषजनक रुपमा कार्य नगरेको पाईएमा पहिलो पक्ष भुक्तानी गर्न बाध्य हुने छैन ।

१०. दोश्रो पक्षले कार्यक्रम सम्पन्न भएपछि पहिलो पक्षले तोके बमोजिमको ढाँचामा होर्डिङ्गवोर्ड राख्नुपर्नेछ ।

११. यस सम्बन्धि कुनै असमझदारी भएमा कार्यालयको निर्णय नै अन्तिम मानिनेछ । सम्झौतामा उल्लेख भएको कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१२. उपरोक्त अनुसारका बुँदाहरुमा दुवै पक्ष सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं।

**<u>पहिलो पक्षको तर्फबाट</u>**

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

मितिः

कार्यालयको छापः

**<u>साक्षी</u>**

नाम/पदः

दस्तखतः

**<u>दोश्रो पक्षको तर्फबाट</u>**

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छाप

**<u>साक्षी</u>**

नाम/पदः

दस्तखतः

**आज्ञाले**

**महेश निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा